# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०  अंक ७३  काठमाडौं  बुधबार, २० असार २०८०  Prabhab National Daily  Wednesday, July 05, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-


एसिसी यू-१६ इस्ट जोन कप

## नेपाल च्याम्पियन




**काठमाडौं (प्रस)–** शीर्षक्रमका ब्याटर नरेन भट्टको उत्कृष्ट शतकको सहयोगमा नेपालले मलेसियामा जारी एसिसी यू-१६ इस्ट जोन कपको फाइनल खेलमा घरेलु टोलीलाई फराकिलो अन्तरले पराजित गरेर उपाधि जितेको छ ।

> नेपालका लागि नरेन भट्टले ८९ बलमा १० चौका र दुई छक्काको सहयोगमा अविजित ११२ रनको शतकीय इनिङ्स खेले ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले २२१ रनको सानदार जित दर्ता गर्दै लगातार तेस्रोपटक उपाधि हात पारेको हो ।

नेपालले दिएको २५३ रनको लक्ष्य पछ्याएको मलेसिया १४.५ ओभरमा ३१ रन बनाउँदै अलआउट भयो । मलेसियाका लागि मुहम्मद अक्रमले १२ बलमा एक छक्काको सहयोगमा १० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमासमेत रन बनाउन सकेनन् ।

नेपालका लागि कप्तान अभिषेक तिवारीले छ ओभरमा सात रन खर्चिएर पाँच विकेट लिए । सन्तोष यादवले तीन तथा अशोक धामी र सन्तोष गैरेले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा आठ विकेट गुमाएर २५२ रन बनाएको थियो ।

नेपालका लागि नरेन भट्टले ८९ बलमा १० चौका र दुई छक्काको सहयोगमा अविजित ११२ रनको शतकीय इनिङ्स खेले । नरेनले ८२ बलमा शतक प्रहार गरेका थिए । पहिलो विकेटका लागि ओपनरद्वय निरज यादव र सुर्यांशु कोइरालाले ४४ बलमा ४१ रनको साझेदारीका साथ राम्रो सुरुआत दिलाएका थिए । यादवले ४९ बलमा छ चौकाको सहयोगमा ४७ रन बनाए । कोइरालाले २३ बलमा १८ रन बनाए ।

दोस्रो विकेटका लागि नरेन र निरजले ५५ बलमा ५५ रनको महत्त्वपूर्ण साझेदारी गरे । तेस्रो र चौथो विकेटका लागि उल्लेखनीय साझेदारी हुन सकेन । पाँचौं विकेटका लागि सन्तोष यादव र नरेनले ७६ बलमा १०३ रनको शतकीय साझेदारी गर्दै टोलीलाई बलियो योगफलसम्म पुऱ्याए ।

सन्तोषले २९ बलमा दुई चौकाको सहयोगमा २६ रनको योगदान गरे । अशोक धामीले सात बलमा एक छक्का सहित १२ रन बनाए । मलेसियाका लागि मुहम्मद अक्रमले तीन तथा अरेन अकील र मुहम्मद फदुलले समान एक/एक विकेट लिए ।

नेपाल लगातार तेस्रो संस्करणमा च्याम्पियन भएको हो । यसअघि नेपालले २०१७ र २०१९ मा यू-१६ को उपाधि जितेको थियो । यसअघिको संस्करण भने यू-१६ रिजनको नामले भएको थियो । यस संस्करणमा नेपाल अपराजित रूपमा च्याम्पियन भएको हो ।

# ललिता निवास प्रकरणमा तानिए समरजंगका पूर्वप्रमुख




- समरजंग कम्पनी मातहतको जग्गा पशुपति टिकिन्छा गुठीको नाममा पार्न सहयोग पुऱ्याउने कम्पनीका पूर्वप्रमुख रमेशकुमार पोखरेल पक्राउ
- सिआइबीको अनुसन्धान दायरामा कम्पनीकै अन्य तीन पूर्वप्रमुख

■ **जेबी योञ्जन**

**काठमाडौं–** ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पारेर हडप्ने कार्यमा गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीका कर्मचारीहरूको संलग्नता खुलेको छ । उनीहरूले नै सरकारी जग्गा व्यक्तिको नाममा जानेगरी मार्गप्रशस्त गरेको अनुसन्धानमा संलग्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को निष्कर्ष छ ।

सिआइबीले संलग्न देखिएकामध्येका एक जना तत्कालीन प्रमुख रमेशकुमार पोखरेललाई मंगलबार पक्राउ गरेको छ । कम्पनीका प्रमुख २०६९ सालमा छँदा उनले ललिता निवासभित्र पर्ने जग्गाको कम्पनीसँग अभिलेख नभएको विवरण गुठी संस्थानलाई दिएको पाइएको सिआइबीकी निर्देशक किरण बज्राचार्यले बताइन् । पोखरेलले दिएको सोही जवाफपछि भूमाफियाहरूलाई जग्गा हडप्न सहज भएको अनुसन्धानपछि देखिएको पनि बज्राचार्यको भनाइ छ ।

'गुठी संस्थानले ललिता निवासको सरकारी जग्गाको अभिलेख मागेको रहेछ । तर, उहाँ (रमेशकुमार)ले अभिलेख नभएको जवाफ पठाएको सबुत फेला पऱ्यो । त्यसकै आधारमा जग्गा हडप्ने आधार सिर्जना भएको देखिन्छ,' प्रभावसँग बज्राचार्यले भनिन् ।

उनका अनुसार पोखरेलले गिरोहबाट आर्थिक लाभ लिएकोसमेत देखिएको छ । पोखरेल पक्राउ परेसँगै यो प्रकरणमा अन्य तीन जना तत्कालीन प्रमुखमाथि पनि सिआइबीको अनुसन्धान केन्द्रित भएको छ । कम्पनीका पूर्वप्रमुखहरू अर्जुन भण्डारी, चिरञ्जीवी अधिकारी र लोकहरि घिमिरेको भूमिका शंकास्पद देखिएको सिआइबीले जनाएको (बाँकी पृष्ठ २ मा)

## संगठित अपराधमा अनुसन्धान

**काठमाडौं (प्रस)–** सरकारी कागजातको लिखत कीर्ते गरेर ललिता निवासको १३४ रोपनी हडपेको आरोपमा पक्राउ परेकाहरूविरुद्ध सिआइबीले संगठित अपराधमा अनुसन्धान थालेको छ । हालसम्म पक्राउ परेका नौ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई उक्त कसुरमा सिआइबीले अनुसन्धान थालेको हो ।

अदालतले भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीर शाह, पूर्वसहसचिव कलाधर देउजा, सुरेन्द्रमान कपाली, मालपोतका तत्कालीन कर्मचारी धर्मप्रसाद गौतम, गोपाल कार्की, तत्कालीन वडासचिव शिवजी भण्डारी, नापी सर्वेक्षक घमनकुमार कार्की र मोही बाबुराम महर्जनविरुद्ध अनुसन्धानका लागि म्याद थप गरिदिएको हो ।

**'तीन जनालाई नछाडौं'**

सिआइबीकी निर्देशक किरण बज्राचार्यले ललिता निवासको जग्गा हिनामिना प्रकरणमा पक्राउ परेका गुरुङ, शाह र गौतमलाई रिहाको आदेश दिन नहुने सर्वोच्च अदालतसमक्ष माग गरेकी छन् । उनलाई रिहा गर्दा मुद्दाको अनुसन्धान प्रभावित हुने बज्राचार्यको तर्क छ । हदम्याद सकिएको प्रकरणमा आफूहरूलाई गैरकानुनीरूपमा थुनामा राखिएको भन्दै तीन जनाले सर्वोच्चमा रिट दर्ता गरेका थिए ।

निर्वाचन आयोगका पूर्वआयुक्त शाह, भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङ र सहसचिव गौतमले रिट दर्ता गरेका थिए । अन्य आरोपितले अदालतबाट आदेश लिइसकेका कारण रिहा भएपछि गुरुङ, शाह र पौडेलले पनि बन्दीप्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च पुगेका थिए । रिटमा प्रहरीले महान्यायाधिवक्ता (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# मलेसियाले थप विदेशी कामदार नलिने

## तत्कालका लागि विदेशी कामदार पर्याप्त भएको भन्दै थप अनुमति नदिने निर्णय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसिया सरकारले तत्काल नयाँ विदेशी कामदार लैजान रोजगारदातालाई अनुमति नदिने भएको छ । 'रिक्यालिब्रेसन' कार्यक्रम र नियमित गरी १८ लाख १५ हजारभन्दा बढी विदेशी कामदारको कोटा स्वीकृत गरेको उल्लेख गर्दै त्यहाँको गृह मन्त्रालयले हाललाई उक्त संख्या पर्याप्त रहेकोले थप अनुमति दिन नसक्ने जनाएको हो ।

मलेसियाले रोजगारदातालाई नौ लाख ९५ हजार ३९६ विदेशी कामदार ल्याउन स्वीकृति दिएपछि गत मार्च १८ बाट नयाँ आप्रवासी कामदारको स्वीकृतिमा बन्देज लगाएको त्यहाँको सञ्चारमाध्यम द स्टारले उल्लेख गरेको छ । विभिन्न क्षेत्रका रोजगारदाता संघसंगठनहरूले गृह मन्त्रालयको उक्त निर्णयमा पुनर्विचार गर्न आग्रह गर्दै आएका छन् । यद्यपि, गृहमन्त्री सैफुद्दिन नासुशन स्माइलले तत्काल नयाँ विदेशी कामदार ल्याउने सरकारको कुनै योजना नभएको भन्दै सबै क्षेत्रका लागि १८ लाख आवेदन स्वीकृत भइसकेको बताएको त्यहाँका सञ्चारमाध्यमले जनाएका छन् ।

गृहमन्त्री स्माइलको यस भनाइलगत्तै मानव संसाधनमन्त्री भी शिवकुमारले सेकेण्ड ह्याण्ड सामान उपक्षेत्रका लागि विदेशी कामदारहरूको इन्टेकमा सामान्य फ्रिज भए पनि उचित निर्णय लिने बताए । उनले उपक्षेत्रको आवश्यकतालाई ध्यानमा राखी जुलाई ३ बाट आवेदन प्रक्रिया सुरु गरिएको जानकारी दिए ।

'यो कदम स्थानीय कामदारहरूका लागि रोजगारीका अवसरहरूमा बाधा नपर्नेगरी देशको आर्थिक वृद्धिलाई थप गति दिन अनुकूल वातावरण सुनिश्चित गर्न हो,' शिवकुमारले भने । उनले मानव संसाधन मन्त्रालयलाई श्रम समस्याको बारेमा जानकारी रहेको र सेकेण्ड ह्याण्ड वस्तु उपक्षेत्रको आवश्यकतालाई ध्यानमा राखेर काम गर्ने बताए । तर, उनको यो भनाइमा प्रतिक्रिया दिँदै मलेसियन रिसाइक्लिङ सशक्तीकरण संघका संस्थापक र अध्यक्ष जी कुमार आमानले उपक्षेत्रका लागि विदेशी श्रमिकको पुनःप्राप्ति अनावश्यक भएको बताए ।

अमानको उक्त प्रतिक्रियालाई निजी क्षेत्रले अस्वीकार गरेको छ । मलेसियन उत्पादक महासंघ (एफएमएम)ले सबै नयाँ विदेशी कामदारको स्वीकृतिमा लगाएको प्रतिबन्ध तत्कालै फुकुवा गर्नुपर्ने बताएको छ । द स्टारमा उल्लेख भएअनुसार महासंघका अध्यक्ष सोह थियान लाइले आमरूपमा विदेशी कामदारको स्वीकृति रोक्ने निर्णयले कामदार आउन बाँकी नभएका कम्पनीहरू र नयाँ स्थापना भएका कम्पनीलाई प्रतिकूल असर परेको बताएका छन् । उनले विदेशी कामदार ल्याउन रोक्ने सरकारी निर्णयले मलेसियाको उत्पादकत्व र कूल गार्हस्थ उत्पादन (जिडिपी)लाई असर गर्ने बताउँदै निर्णय तत्कालै परिवर्तन गर्न माग गरेका छन् । सोहले विदेशी कामदारको नयाँ स्वीकृति रोकीराखे मलेसियामा नयाँ विदेशी लगानीसमेत खतरामा पर्ने भन्दै सरकारीपक्षको ध्यानाकर्षण गराएका छन् ।

मानव संसाधनमन्त्री शिवकुमारले मार्चमा वैदेशिक कामदारको स्वीकृति पूर्णरूपमा रोकिएपछि अवस्था झन् खराब हुँदै गएको बताउँदै रोजगादाता कम्पनीहरूले कामदारको आवश्यकता पूरा गर्न तेस्रो पक्ष विदेशी श्रम एजेन्सीहरूको सहारा लिनुपरेको उल्लेख गरेका छन् । पछिल्लो समय मलेसिया सरकारले रोजगारदातालाई नयाँ विदेशी कामदारको कोटा स्वीकृति गर्ने वा नगर्नेसम्बन्धमा विवाद भइरहँदा विभिन्न मुलुकबाट गएका सयौं आप्रवासी कामदार रोजगारी नपाएर अलपत्र परेको समाचार पनि बाहिरिएका छन् । आउटसोर्सिङ एजेन्टहरूलाई विदेशी कामदार भर्तीका लागि अनुमति दिँदा यस्तो समस्या आएको बताइएको छ ।

मार्च १८ बाट विदेशी कामदारको कोटामा रोक लगाएपछि रोजगारदाताले थप कोटा स्वीकृत गराउन नपाउँदा मलेसिया जाने आप्रवासी कामदारको संख्यामा उल्लेख्य कमी आएको छ । मार्च १८ पछि जति विदेशी कामदार मलेसिया गएका छन् उनीहरू पहिले नै स्वीकृत कोटामा गइरहेको बताइएको छ ।



### नेपाललाई पर्ने प्रभाव

नयाँ विदेशी कामदार ल्याउन स्वीकृति नदिने मलेसिया सरकारको निर्णयसँगै नेपालसहित, भारत, श्रीलंका, फिलिपिन्स, इण्डोनेसिया, बंगलादेशलगायतका मुलुकबाट नयाँ कामदार जान नपाउने भएको छ । रोजगारीका लागि मलेसिया जाने तयारीमा रहेका कामदार यसबाट प्रभावित भएका छन् ।

मलेसिया नेपाली श्रमिकहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक हो । चालु आर्थिक वर्षको सुरुआतदेखि नै धेरै नेपाली श्रमिक जाने मुलुकको शीर्षस्थानमा मलेसियाँ रहँदै आएको छ । गत मंसिरयता भने त्यहाँ जाने श्रमिकको संख्या क्रमशः घट्दै आएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । सुरुआती महिनामा मलेसिया जाने नेपाली कामदारको संख्या मासिक ३५ हजारसम्म पुगेकोमा विस्तारै घट्दै जेठसम्म आइपुग्दा ११ हजारमा सीमित भएको छ । मलेसिया सरकारको पछिल्लो निर्णयले थप प्रभाव पर्ने एक जना वैदेशिक रोजगार व्यवसायीले बताए ।


## सूचना ! सूचना !! सूचना !!!

**आदरणीय व्यवसायीहरू नमस्कार,**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगत वैदेशिक रोजगार विभागले मिति २०८० श्रावण १ गतेदेखि वैदेशिक रोजगारमा कामदार पठाउँदा अन्तिम श्रम स्वीकृति लिन अविलम्बन गरिने प्रक्रियालाई स्वचालित प्रणाली (Auto Mation) बाट गर्न लागेको हुँदा उक्त (Auto Mation) का बारेमा वैदेशिक रोजगार विभागले इजाजतपत्र प्राप्त व्यवसायिक संस्थालाई तपसिलमा उल्लेखित समय तालिका अनुसार तालिम सञ्चालन गर्न लागेकाले सो तालिममा १ जना सञ्चालक अनिवार्य र संस्थाले सिफारिस गरेको कर्मचारी १ गरी एउटा संस्थाबाट जम्मा २ जना सहभागी भई दिनुहुन अनुरोध गर्दछौं ।

**मिति : २०८० असार २० गते**

**इजाजतपत्र नं. ०१ देखि २०० सम्म बिहान ७:३० बजेदेखि २:०० बजेसम्म**
**इजाजतपत्र नं. २०१ देखि ४०० सम्म दिउँसो २:३० बजेदेखि ८:३० बजेसम्म**

**मिति : २०८० असार २१ गते**

**इजाजतपत्र नं. ४०१ देखि ६०० सम्म बिहान ७:३० बजेदेखि २:०० बजेसम्म**
**इजाजतपत्र नं. ६०१ देखि ८०० सम्म दिउँसो २:३० बजेदेखि ८:३० बजेसम्म**

**मिति : २०८० असार २२ गते**

**इजाजतपत्र नं. ८०१ देखि १००० सम्म बिहान ७:३० बजेदेखि २:०० बजेसम्म**
**इजाजतपत्र नं. १००१ देखि १२०० सम्म दिउँसो २:३० बजेदेखि ८:३० बजेसम्म**

**मिति : २०८० असार २३ गते**

**इजाजतपत्र नं. १२०१ देखि १४०० सम्म बिहान ७:३० बजेदेखि २:०० बजेसम्म**
**इजाजतपत्र नं. १४०१ देखि .... सम्म दिउँसो २:३० बजेदेखि ८:३० बजेसम्म**

स्थान : अनुपम फुडल्याण्ड, बत्तिसपुतली, काठमाडौं

नोट : स्वचालित प्रणाली (Auto Mation) तालिममा आउँदा ल्याप्टप लिएर आउनु होला ।

**मेघनाथ भुर्तेल**
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८, ९८०१०९७८८८२

चिकित्सा शिक्षा आयोगको प्रक्षेपण

# आठ वर्षमा साढे ३ लाख स्वास्थ्य जनशक्ति चाहिने

**काठमाडौं–** चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०८७/८८ सम्ममा साढे दुई लाखभन्दा बढी स्वास्थ्य जनशक्ति आवश्यक हुने प्रक्षेपण गरेको छ । आयोगले आर्थिक वर्ष २०७७/७८ लाई आधार मानी गरेको अध्ययनमा उक्त प्रक्षेपण गरेको हो ।

आयोगका अनुसार सो अवधिभित्र सरकारी र निजी स्वास्थ्य संस्थामा महिला स्वास्थ्य स्वयंसेविका र कार्यालय सहयोगीसहित तीन लाख ५८ हजार ९३८ स्वास्थ्य जनशक्ति आवश्यक पर्नेछ । आयोगले सो अवधिसम्म चिकित्सक र स्वास्थ्यकर्मीमात्रै दुई लाख ५७ हजार ९१ आवश्यक हुने निष्कर्ष निकालेको छ ।

आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीले हाल कार्यरत जनशक्ति सेवानिवृत्त हुने र विदेशिने संख्यासमेतका आधारमा जनशक्ति प्रक्षेपण गरिएको जानकारी दिए । 'सरकारले निर्माण गरिरहेका आधारभूत स्वास्थ्य संस्थालाई समेत आधार मानी स्वास्थ्य जनशक्ति प्रक्षेपण गरिएको छ,' उनले भने ।

उनका अनुसार २०८८ सालसम्म स्वास्थ्य जनशक्तिको संख्या ३.६ प्रतिशतले प्रक्षेपण गरिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रति एक हजारमा न्यूनतम ४.४५ स्वास्थ्य जनशक्ति हुनु राम्रो मानिन्छ ।




आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्य संस्थामा दुई लाख ३४ हजार ३६१ जनशक्ति आवश्यक रहेकोमा ५६ हजार ५२ जना कम अर्थात् एक लाख ७८ हजार ३०९ मात्रै कार्यरत थिए । प्रतिवेदनमा आव २०७७/७८ सम्ममा सञ्चालित स्वास्थ्य संस्था, सरकारी, निजी तथा गैरसरकारी अस्पताल, मेडिकल कलेज, नर्सिङ होम, क्लिनिक तथा शयचा संख्या प्रदान गरिने सेवाका लागि आवश्यक जनशक्तिको आकलन गरिएको आयोगको भनाइ छ ।

वि.सं. २०८८ सम्म एमबिबिएस १६ हजार ७८४, विशेषज्ञ चिकित्सक कन्सलटचान्ट (स्नातकोत्तर) १५ हजार ४३५, नर्सिङ पेसाविद् (स्नातकोत्तर) ४११ आवश्यक हुने आयोगको प्रक्षेपण छ ।

नर्सिङ सहायक (स्नातक) तीन हजार ३५९, नर्सिङ तथा प्रसूतिसम्बन्धी सहायक (प्रमाणपत्र तह) ८८ हजार २४, परम्परागत तथा वैकल्पिक चिकित्सा (स्नातक तथा स्नातकोत्तर तह) दुई हजार ८३, परम्परागत तथा सहायक चिकित्सक प्राविधिक (प्रमाणपत्र तह) दुई हजार ११८ जनशक्ति आवश्यक पर्नेछ ।

सो अवधिसम्म अन्य स्वास्थ्य सम्बद्ध पेसा (स्नातकोत्तर तह) दुई हजार ६८८, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेसा (स्नातक तह) २३ हजार १५०, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेसा (प्रमाणपत्र तह) एक लाख चार हजार ३९ हजार उत्पादन हुनुपर्नेछ ।

त्यसैगरी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका ५७ हजार ४३ जना र श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ तथा सवारी चालक ४४ हजार ८०४ जना स्वास्थ्य जनशक्ति आवश्यक हुने आयोगको भनाइ छ ।

आयोगले वि.सं. २०८३ सालमा दुई लाख ४५ हजार ४६३ स्वास्थ्य जनशक्ति र ५४ हजार ४६३ महिला स्वास्थ्य स्वयंसेविका र ४२ हजार ७७७ श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ कर्मचारी र सवारी चालक आवश्यक हुने प्रतिवेदनमा उल्लेख गरेको छ ।

यस वर्ष चिकित्सकतर्फ स्नातक तहमा सात हजार ६५९, स्नातकोत्तर तहमा एक हजार ६८४ र स्नातकोत्तरभन्दा माथि १० ९ जनशक्ति उत्पादन हुने आयोगको भनाइ छ । यस्तै नर्सिङ, जनरल मेडिसिन, डेन्टल साइन्स, आयुर्वेदिक हेल्थ साइन्स, फिजियोथेरापी, फार्मेसीलगायत ११ मध्यम तथा आधारभूत तहका विषयमा १२ हजार १०२ स्वास्थ्यकर्मी उत्पादन हुनेछन् ।

नेपालमा सरकारले स्थानीय तहमा बनाउन थालेका आधारभूत अस्पतालसहित सात हजार ८८९ सरकारी र निजी दुई हजार २५० गरी १० हजार १३९ स्वास्थ्य संस्था सञ्चालनमा छन् । *रासस*

# हनुमानढोका परिसरमा सवारीसाधन निषेध

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले हनुमानढोका परिसरभित्र सवारीसाधन निषेध गरेको छ । सम्पदाको मौलिकता जोगाउन महानगरपालिकाले उक्त निर्णय गरेको हो ।



महानगर प्रमुख बालेन्द्र (बालेन) साहले यहाँको चिनारी नै प्राचीन सम्पदा भएकाले तिनको मौलिकता जोगाउन आवश्यक भएको बताए । 'विश्वलाई गौरवसाथ देखाउन सक्ने, हामीले शानसँग अगाल्न सक्ने भनेकै यिनै सम्पदा र यिनको प्राचीन मौलिकता पनि हुन्,' उनले भने, 'अनुभव गर्न र रमाउन लाखौं पर्यटक आउन सक्छन् ।'

वसन्तपुर क्षेत्रमा दैनिक हजारौं पर्यटक आउने गरेका उल्लेख गर्दै उनले सामाजिक सञ्जालमार्फत भविष्यमा लाखौं पर्यटक आउनसक्ने सम्भावना रहेको उल्लेख गरेका छन् । मौलिकता, सौन्दर्य र परिसरको वातावरण शान्त, स्वच्छ र सुरम्य हुन अत्यावश्यक रहेको उल्लेख गर्दै हनुमानढोका परिसरभित्र सवारीसाधन निषेध गरिएको बताए ।

# पुनर्निर्माणको पर्खाइमा ऐतिहासिक अदालत भवन



**ललितपुर–** ललितपुरको पाटन म्युजियमको छेउमा अदालत भवन नामको एउटा ऐतिहासिक भवन छ । घाँसले ढपक्क ढाकेको उक्त भवनको एउटा कोठा इलाका हुलाक कार्यालयले प्रयोग गरिरहेको छ । राणाकालीन संरचनाको अदालत भवनको अवस्था निकै नाजुक छ । सबै ढोका अहिले बन्द अवस्थामा छन् ।

ललितपुरको पाटन दरबार क्षेत्र विश्व सम्पदा क्षेत्रमा अवस्थित छ । वि.सं. २०७२ को भूकम्पले क्षतिग्रस्त बनाएको सो भवनसहित कतिपय सम्पदा पुनर्निर्माण हुँदै छन् । ऐतिहासिक अदालत भवनको नामले चिनिने जीर्ण अवस्थामा रहेको उक्त भवन पुनर्निर्माणको काम अझै सुरु नहुँदा दिन प्रतिदिन जीर्ण देखिँदै गएको हो ।

जिल्लास्थित स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयकी सूचना अधिकारी शारदा शिवाकोटीका अनुसार उक्त भवन भारतीय दूतावासको सहयोगमा निर्माण हुने प्रक्रियामा छ । उनले भनिन्, 'ऐतिहासिक अदालत भवनको पुनर्निर्माण भारतीय दूतावासको सहयोगमा निर्माण हुने भएको छ । वि.सं. १९९० को भूकम्प अगाडिको सो भवन तीन तलाको रहेको देखिएकाले पुरानै स्वरूपमा भवन निर्माण गर्न नक्सा पास भएको छ ।'

माटोको जोडाइमा इँटाद्वारा निर्मित ऐतिहासिक भवनलाई २०७२ सालको भूकम्पले थप क्षति पुऱ्याएको थियो । भूकम्पपछि उक्त भवनजस्तै अन्य राणाकालीन दरबारका संरचना पनि पुनर्निर्माण भएका छैनन् । अहिले सो भवन पनि संरक्षणको अभावले भत्किने जोखिममा छ ।

सत्यमोहन जोशी मार्गमा रहेको उक्त भवनको एउटा कोठामा इलाका हुलाक कार्यालय छ । 'पञ्चायतकालमै अदालतको भवनमा जिल्ला हुलाक कार्यालय रहेको र उक्त कार्यालय आफ्नै भवनमा सरेपछि अहिले त्यहाँ इलाका हुलाक कार्यालय रहेको इलाका हुलाक कार्यालयकी कर्मचारी लिला खत्रीले जानकारी दिइन् । उनले भनिन्, 'मैले हुलाक कार्यालयमा जागिर खाएको करिब २८ वर्ष पुग्यो । अब यो भवन भत्काएर पुनर्निर्माणको प्रक्रियामा छ भन्ने सुनेको छु । हाम्रो इलाका हुलाक कार्यालय कहाँ सर्छ थाहा छैन ।'

उक्त भवनलाई नेपालको प्राचीन स्मारक संरक्षण ऐन २०१३ (१९५६) अनुसार २०७२ सालको भूकम्पबाट प्रभावित सम्पदाको संरक्षणको नाममा पुनर्निर्माणका लागि पुरातत्त्व विभागको आधारभूत निर्देशिकामा आधारित रहेर निर्माण गरिनेछ । भवनको संरक्षण नीतिअन्तर्गत उक्त भवन पुनर्निर्माणका लागि प्रस्ताव गरिएको पुरातत्त्व विभागको भनाइ छ । *रासस*

## ललिता निवास...

पृष्ठ १ बाट जारी

छ । भण्डारीको भने डेढ वर्षअघि मृत्यु भएको थियो । उनी जीवित छँदै सिआइबीले बयान लिएको थियो ।

भण्डारी प्रमुख भएका बेला पशुपति टिकिन्छा गुठीअन्तर्गत नक्कली मोहीको नाममा ४ रोपनी १४ आना ३ पैसा २ दाम जग्गा लान खोजेको देखिएको छ । त्यसबेला कम्पनीको नाममा रहेको जग्गाको स्रेस्तालाई उनले सच्याएर गुठीको नाममा लान १० साउन २०५९ मा हस्ताक्षर गरेको पत्र सिआइबीले फेला पारेको छ । उनलाई गुठी संस्थानले भने ३२ असार २०५९ मा जग्गाबारे जानकारी मागेको उल्लेख छ ।

दुई वर्षअघि उनले बयानका क्रममा यो प्रकरणका मुख्य योजनाकारहरू शोभाकान्त ढकाल र रामकुमार सुवेदीले पत्रको सम्बन्धमा पटक-पटक ताकेता गरेको र उनीहरूले भनेअनुसार संस्थानलाई जवाफ दिए ललिता निवासको केही जग्गा दिने आश्वासन दिएको खुलासा गरेका थिए । भण्डारीका अनुसार आफूले ५० हजार रूपैयाँ मात्रै ढकाल र सुवेदीबाट पाएको पनि बयानको क्रममा बताएका थिए ।

मालपोत अभिलेखका आधारमा २०१७ सालको अंशबण्डाको लिखतमा गुठीको नाम छैन । छ वर्षपछि २०२३ सालमा भएको नापी नक्सामा भने श्री ५ को सरकार उल्लेख छ । तर, २०४१ र २०४७ सालको नापीको फिल्ड बुकमा अहिले हडपिएको जग्गाको धनी श्री ५ को सरकार समरजंग कम्पनी रहेको सिआइबीका अनुसन्धान अधिकृतहरू बताउँछन् ।

तर, कम्पनीको नाममा भएको २१ कित्ता जग्गा पशुपति टिकिन्छा गुठीको भएको दाबी गर्दै आशामाया महर्जनसहित १३ जना मोही भनिएकाको वारेसमा रामकुमार सुवेदीले गुठी संस्थानमा निवेदन दिएका थिए । जसबारे संस्थानले कम्पनीलाई जवाफ माग्दा भण्डारीले रेकर्डमा नभेटिएको जवाफ दिएको पाइएको छ ।

तत्कालीन लेखापाल विनोदप्रसाद पौडेलले भने यसबारे टिप्पणी उठाउने काम गरेको अनुसन्धान अधिकृतहरूको दाबी छ ।

यसपछि नै गुठी संस्थानले कम्पनीको नाममा स्रेस्ता कायम भएका जग्गाको लगत कट्टा गरी दर्ताको स्रेस्तालाई सच्याउँदै अन्ततः गुठी कायम गरी पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न सरकारले स्वीकृति दिनुपर्ने उल्लेख गरी भूमि, व्यवस्था तथा सहकारी मन्त्रालयमा पठाएको थियो ।

संस्थानले पठाएको टिप्पणी २०६९ सालमा भूमि सुधार मन्त्रालयले सदर गरेको थियो । जतिबेला प्रधानमन्त्री डा. बाबुराम भट्टराई थिए । उनको मन्त्रिपरिषद् बैठकमा भूमि, व्यवस्था तथा सहकारी मन्त्रालयले गुठी संस्थानले पठाएको टिप्पणीलाई प्रस्तावको रूपमा अघि सारेको थियो । जुन १८ असोज २०६९ मा सदर भयो । निवेदकहरूका माग अनुसार कम्पनीको जग्गा व्यक्तिको नाममा गएको अनुसन्धान अधिकारीहरूको भनाइ छ ।

यसबारे पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सोमबारमात्रै पशुपति टिकिन्छा गुठीलाई समरजंग कम्पनीको जग्गा दिन संलग्न नभएको लामो स्पष्टीकरण दिएका छन् । उसो त अख्तियारले पनि उनीविरुद्ध भ्रष्टाचार मुद्दा चलाएन । सिआइबीले पनि संगठित अपराधमा मुद्दा चलाउने सम्भावना न्यून देखिएको छ ।

## संगठित अपराध...

पृष्ठ १ बाट जारी

कार्यालयमार्फत मंगलबार जवाफ पठाएको हो ।

जवाफमा प्रहरीले प्रमाण लोप गराउन सक्ने, व्यक्तिगत प्रलोभनमा पार्न सक्ने, प्रमाण दबाउनका लागि अन्य व्यक्ति परिचालन गर्न सक्ने भएकाले तीनै जनालाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने प्रहरीले माग गरेको महान्यायाधिवक्ता कार्यालय स्रोतले बतायो ।

गुरुङले दायर गरेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दामा सर्वोच्चले मागेको लिखित जवाफपछि बज्राचार्यले भनेकी छन्, '... सबुत प्रमाण नष्ट गर्न सक्ने, अन्य प्रतिवादीहरूलाई भाग्न मद्दत गर्न सक्ने प्रबल सम्भावना देखिएको, निजलाई थुनामा नराखी अनुसन्धान गर्दा पूरै अनुसन्धान प्रभावित भई तथ्यतरक अनुसन्धान गर्न र अपराधको सञ्जाल पहिचान तथा तहकिकातमा कठिनाइ हुने अवस्था देखिएको छ ।'

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २० गते २०८०, बुधबार

| | |
|---|---|
| **मेष** | विद्यार्थीका लागि राम्रो योग छ । |
| **वृष** | रोकिएको काम बन्नेछ । |
| **मिथुन** | टाढाको यात्रा फलदायी ह'नेछ । |
| **कर्कट** | सामाजिक कार्यमा समय बित्नेछ । |
| **सिंह** | शैक्षिक प्रगति तर आर्थिक क्षति ह'नसक्छ । |
| **कन्या** | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| **तुला** | नयाँ कामको थालनी ह'नेछ । |
| **वृश्चिक** | सवारीसाधन चलाउँदा ध्यान दिन'होला । |
| **धनु** | मित्रजन र आफन्तसँग भेटघाट ह'नेछ । |
| **मकर** | आर्थिक क्षेत्रमा प्रगति ह'नेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| **मीन** | नजिकको मान्छेबाट धोका ह'नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २० गते, २०८०, ५ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## सर्पदंशबाट मृत्युको कारण

# अन्धविश्वास र लापरबाही

■ चन्द्रकला भण्डारी



**झापा–** झापाको हल्दिबारी-२ पाराखोपीका ३२ वर्षीय शम्भु राजवंशीले असार १० गते घरको ढोकामा विषालु गोमन सर्प हिँडिरहेको देखे। तत्कालै उनले सर्पलाई टाउकामा समाए र घाँटीमा बेरे । मदिरा लागेको बेसुरमा लापरबाही गर्दा परिणाम उल्टो निस्कियो, उनको दुवै हातमा सर्पले डस्यो । सख्त घाइते अवस्थामा उपचारका लागि चारआलीको सर्पदंश उपचार केन्द्र लैजाँदै गर्दा बाटैमा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक खगेन्द्र रिजालले बताए ।

झापाकै अर्जुनधारा-८ की २५ वर्षीया सुनिता मगर ६ महिनाकी सुत्केरी छिन् । असार १७ गते दिउँसो ४ बजेतिर बाथरुममा रहेको नानीको डाइपर बोक्दा उनलाई चिरिक्क गरेर दाहिने हातमा कमिलाले टोकेजस्तो लाग्यो । 'हातमा हेर्दा एक थोपा रगत निस्किएको थियो,' उनले घटना सुनाउँदै भनिन्, 'डाइपर टक्टक्याउँदा गडचौला जत्रो सानो सर्प बाथरुममा फुत्त झर्‍यो ।'

सर्प देखेपछि डराउँदै सुनिताले परिवारका सदस्य गुहारिन् र मोटरसाइकलको पछाडि बसेर चारआलीको सर्पदंश उपचार केन्द्रमा तत्कालै पुगिन् । स्वास्थ्यकर्मीहरूले उनलाई विषालु करेत सर्पले डसेको बताए । उपचारपछि स्वास्थ्यलाभ गरेर उनी घर फर्किएकी छिन् । झापामा हालै भएको सर्पदंशका उल्लिखित दुई घटनामध्ये पहिलोमा मानवीय लापरबाही र अज्ञानताले मृत्युको मुखमा पुर्‍याएको देखिन्छ भने दोस्रो घटनामा छिटो उपचार केन्द्र जाँदा जीवन सुरक्षित भएको देखिन्छ । गर्मीयाममा तराई र पहाडी जिल्लामा सर्पदंशका घटना बाक्लै हुने गरेका छन् । सर्पदंशबाट कैयनले अकालमा ज्यान गुमाउनुपरिरहेको छ । उपचारका लागि दर्जनौं केन्द्रहरू सञ्चालनमा रहे पनि अन्धविश्वास र लापरबाहीका कारण धेरैजसो बिरामीले छिटो उपचारमा नपुग्दा जीवन गुमाउनुपरिरहेको छ ।

### नौ वर्षमा ५१ हजारलाई डस्यो

नेपालमा सर्पदंशको अवस्था भयावह नै छ । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएअनुसार विगत नौ वर्षमा ५१ हजार १६२ जनालाई सर्पले टोकेर घाइते बनाएको छ । महाशाखाकी पशु चिकित्सक डा. रोशिका श्रेष्ठका अनुसार नौ वर्षमा सर्पदंशका कूल बिरामीमध्ये सात हजार ५०१ जना विषालु सर्पको डसाइमा परेका थिए । बाँकी ४३ हजार ६६१ जना विष नभएका सर्पले डसेर उपचारका लागि स्वास्थ्य केन्द्रमा आइपुगेका थिए ।

आर्थिक वर्ष २०७५/७६ यता हरेक वर्ष सर्पदंशका बिरामी बढिरहेका छन् । डा. श्रेष्ठका अनुसार आव २०७५/७६ मा चार हजार ५६७, आव २०७६/७७ मा पाँच हजार ८१, आव २०७७/७८ मा सात हजार ९०२ र आव २०७८/७९ मा नौ हजार ३४६ जनालाई सर्पले डसेको छ । सर्पले डसेर उपचारका लागि स्वास्थ्य केन्द्रमा आइपुगेका बिरामीमध्ये १५ प्रतिशत जतिमात्र विषालु सर्पको डसाइमा परेका हुन्छन् । हरेक वर्ष औसत एक हजार जनालाई विषालु सर्पले डस्ने गरेको महाशाखाकी पशु चिकित्सक डा. श्रेष्ठले जानकारी दिइन् ।

### देशभर ८८ उपचार केन्द्र

सर्पदंशको उपचार गर्ने भनेर ३१ जिल्लामा ८८ उपचार केन्द्र सञ्चालनमा रहेका छन् । यी बाहेक सरकारी अस्पतालमा पनि उपचार हुने गरेको छ । कोशी प्रदेशमा १३ वटा सर्पदंश उपचार केन्द्र रहेकोमा झापा जिल्लामै चारवटा रहेका छन् । झापाको चारआलीस्थित नेपाली सेनाको ब्यारेक परिसरमा रहेको सर्पदंश उपचार केन्द्र कोशी प्रदेशकै सबैभन्दा ठूलो उपचार केन्द्र हो ।

नेपाल रेडक्रस सोसाइटीले दमकका र सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले कनकाईमा र कचनकबल गाउँपालिकाले बनियानीमा आफ्नै लगानीमा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन् । सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र सामुदायिक संस्थाहरूले सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन् । देशभर ८८ उपचार केन्द्र रहेकामा २२ वटा नेपाली सेनाको प्रत्यक्ष प्राविधिक सहयोगमा उपचार केन्द्र सञ्चालनमा छन् । झापाको मेचीनगर-१३ चारआलीस्थित नेपाली सेनाको अरिदम गणको परिसरमा चारआली सर्पदंश उपचार केन्द्र छ । झापाको सबैभन्दा पुरानो सर्पदंश उपचार केन्द्रको रूपमा परिचित यहाँ १९ वर्षमा १९ हजार ५२० जना सर्पदंशका बिरामीले उपचार प्राप्त गरेका छन् । नेपाली सेनाका प्राविधिक ऋषिराम पोखरेलका अनुसार यस उपचार केन्द्रमा वार्षिक सरदर एक हजार जना सर्पदंशका बिरामीले उपचार सेवा लिने गरेका छन् । झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर, ताप्लेजुङ र धनकुटादेखि बिरामी यहाँ आउने गरेका छन् । 'पुरानो उपचार केन्द्र भएकाले होला धनकुटा र सुनसरीदेखिका बिरामी यहाँ आउनुहुन्छ,' प्राविधिक पोखरेल भन्छन्, 'धनकुटा र सुनसरीका बिरामीका लागि इटहरी र धरानतिरै उपचार गर्न सकिन्छ, यहाँ धाइरहनु पर्दैन भनेर सम्झाउँछौं । तर, उनहरू हामीलाई यहीको उपचारमा विश्वास छ भन्दै आउने गर्नुहुन्छ ।'

### मधेसमा गोमन र करेत, पहाडमा गुर्बे

नेपालमा करिब ९० प्रकारका सर्प पाइने गरेको छ । जसमध्ये १५ वटा जति सर्प विषधारी मानिन्छन् । तीमध्ये पनि केही सर्पको डसाइले मात्र मानिसको मृत्यु हुनसक्छ । सर्पदंशमा अनुसन्धान गरेका चितवनका डा. देवप्रसाद पाण्डेको अनुसन्धान प्रतिवेदनअनुसार नेपालमा सबैभन्दा बढी विषालु सर्प गोमन, करेत र हरेउ हो ।

राजगोमन (किङ कोब्रा) देख्दैमा डरलाग्दो र बढी विषयुक्त सर्प हो । यो मधेसमा पाइन्छ । साधारण गोमन सर्प साना र विषालु हुन्छन् । यिनीहरूले मान्छे देख्नासाथ त्रिशूलजस्तो छाप देखाउँदै टाउकाको भाग फुलाउँछन् । गोमनको तुलनामा धेरै साना तर विषालु हुन्छन् करेत सर्प । छिर्केमिर्के रङका करेतहरू पनि धेरै प्रकारका हुन्छन् । घरभित्र र बाहिर जहाँ पनि मानिससँगको जम्काभेटमा यिनीहरूले डस्ने जोखिम हुन्छ । गुर्बे चाहिँ पहाडी क्षेत्रमा मात्र पाइने विषालु सर्प हो । ढुवानीका सामानभित्र बसेका गोमन र करेत पनि पहाडी क्षेत्रमा पाइन थालेका छन् । गोमन र करेतको बासस्थान पहाड होइन ।

मधेसमा गोमनजस्तै धामन सर्प हुन्छ । तर, यसले डसेमा चोट लागे पनि विष लाग्दैन । पानीमा पाइने ढोडे सर्पले पनि धेरै मानिसलाई डस्ने गरेको छ । यसको पनि विष लाग्दैन । माछा मार्न र खेतमा काम गर्दा ढोडे सर्पले डस्ने गर्दछ । सर्प आफैं मानिसका लागि आक्रामक प्राणी होइन । मुसा, भ्यागुता, चरा, अण्डा, कीरो आदि आहारको खोजीमा भौंतारिने क्रममा मानिस बस्ने घरखेत वरिपरि हुने जम्काभेट नै सर्पदंशको कारण मानिन्छ ।

### ज्यान जोगाउँदै छन् उपचार केन्द्रले

सर्पले डस्नासाथ उपचारका लागि आउने बिरामी सबैलाई विष संक्रमण भएको हुँदैन । गोमन, करेत, गुर्बेजस्ता विषालु सर्पले डस्दा मात्र बिरामीको ज्यान जाने खतरा हुन्छ । तर, जतिसुकै खतरा भए पनि सर्पदंश उपचार केन्द्रमा छिट्टै आइपुगेका बिरामीको उपचारपछि ज्यान बाँच्ने गरेको छ । पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका-१ की ४० वर्षीया सरिता घिसिङलाई असार १४ गते घाँस काट्दै गर्दा गुर्बे सर्पले देब्रे हातमा डस्यो । एम्बुलेन्स रिजर्व गरेर उनलाई सरासर झापाको चारआलीस्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्रमा ल्याइयो ।

त्यसैगरी, भद्रपुर नगरपालिका-१० का ३१ वर्षीय दधी राजवंशीलाई यही असार १६ गते बाख्राका लागि बारीमा घाँस काट्दै गर्दा किराले टोकेजस्तो लाग्यो । केहीबेरमा रगत बगेपछि उनी मोटरसाइकलमा बसेर चारआलीको सर्पदंश उपचार केन्द्र आइपुगे । सर्पदंशका दुवै बिरामीलाई विषालु करेत र गुर्बे सर्पले डसेको सर्पदंश उपचार केन्द्रका सैन्य प्राविधिक पोखरेल बताउँछन् । 'सर्पले डसेपछि बिरामीले अलमल र हलचल नगरी छिटोभन्दा छिटो सर्पदंश उपचार केन्द्रमा जानुपर्छ,' उनी भन्छन्, 'विषालु सर्पले डसेको रहेछ भने हामी अवस्था अनुसार एन्टी स्नेक भेनम वा एन्टी वायोटिक औषधिको प्रयोग गरेर उपचार गर्छौं ।'

सर्पले डसेलगत्तै उपचार केन्द्रमा ल्याइएको जस्तोसुकै बिरामी पनि बाँच्ने पोखरेलले बताए । उनका अनुसार चेतनाको अभाव र अन्धविश्वासका कारण कतिपय मानिसहरू धामीझाँक्री र तन्त्रमन्त्रतिर अलमलिन्छन् भने कतिपयले डसेको ठाउँमा रक्तसञ्चार ठप्प हुनेगरी बाँध्ने, ब्लेडले चिरेर रगत चुस्ने, विभिन्न अनावश्यक रसायन लगाउने, खुर्सानीलगायतका विभिन्न खानेकुरा खुवाउने गर्नाले बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ । असार १७ गते बिहान ८:४० बजेतिर खेतमा आली लगाउँदै गर्दा करेत सर्पले डसेर घाइते भएका झापाको बुद्धशान्ति-१ का ५३ वर्षीय लिलाप्रसाद न्यौपाने तत्कालै सर्पदंश उपचार केन्द्रमा आएका कारण बाँच्न सफल भएको बताउँछन् । 'आली लगाउँदै थिएँ, चिरिक्क केहीले टोकेजस्तो लाग्यो,' उनी भन्छन्, 'ढिलो नगरी चारआलीको उपचार केन्द्रमा आएँ । अलिकति ढिलो गरेको भए, विष फैलिएर के हुन्थ्यो भन्न सकिने थिएन ।'

### गर्मीयाममा बिरामी धेरै

सर्पले बाह्रै महिना डस्ने सम्भावना भएता पनि बर्खाको गर्मीमा यो समस्या धेरै बढ्ने गरेको छ । वैशाखदेखि भदौ महिनामा सर्पहरू गुप्तबासबाट बाहिर निस्किएर आहारको खोजीमा डुल्ने हुँदा यहीबेला मानिसलाई डस्ने गरेका छन् । चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा यही वैशाखमा ७४ जना सर्पदंशको उपचार गर्न आएकोमा आठ जना विषालु सर्पले डसेका बिरामी छन् । जेठ महिनामा १२९ जना बिरामी आएको र तीमध्ये २२ जनालाई विषालु सर्पले डसेको पाइएको उपचार केन्द्रले जनाएको छ । असारमा उपचारका लागि आएका एक सयजनामध्ये १४ जनामा विषालु सर्पले डसेको पाइएको थियो ।

सेनाको प्रत्यक्ष प्राविधिक निगरानीमा सञ्चालित यो उपचार केन्द्रमा समुदायबाट गठित समिति छ । दुर्गाप्रसाद भट्टराईको अध्यक्षतामा रहेको समितिले केन्द्रलाई समुदाय र सरकारबाट सहयोग जुटाउन मद्दत गर्दै आएको छ । भारतको दार्जीलिङबाट समेत सर्पदंशको उपचारका लागि भारतीय नागरिक यहाँ आउने गरेको समितिका अध्यक्ष भट्टराई बताउँछन् । केन्द्रमा २२ शयचा छ भने एउटा भेन्टिलेटर भद्रपुरस्थित प्रादेशिक अस्पतालमा राखिएको छ । गम्भीर प्रकृतिका बिरामीलाई आइसियु र भेन्टिलेटरमा राखेर उपचार गरिँदै आएको भट्टराईले जानकारी दिए ।

नेपाल सरकारले नै सर्पदंश उपचारका लागि एन्टी स्नेक भेनम औषधि उपलब्ध गराउँदै आएको छ । तर, उपचारलाई व्यवस्थित तुल्याउन व्यवस्थापन समितिले सामान्य उपचार सेवा शुल्क लिने गरेको छ । बेलैमा उपचार नपाएको अवस्थामा विषालु सर्पदंशका बिरामीको मृत्यु हुने गरेको छ । तर, त्यस्ता बिरामी उपचार केन्द्रसम्म नआइपुग्ने गरेका कारण मृतकको तथ्यांक भेटिँदैन ।

दश वर्षअघिको एउटा अनुसन्धान प्रतिवेदनका अनुसार उसबेला बर्सेनि सर्पदंशबाट नेपालमा तीन हजारसम्मको मृत्यु हुने गरेको थियो । तर, सचेतना बढेको र उपचार केन्द्रको संख्या बढेका कारण हाल सर्पदंशबाट मृत्यु हुनेको संख्या वार्षिक २०० भन्दा कम रहेको अनुमान गरिएको छ । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकी पशु चिकित्सक डा. रोशिका श्रेष्ठले पनि सर्पदंशबाट हुने मृत्युको आधिकारिक तथ्यांक नरहेको स्वीकार गरिन् । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERENA CLEANING HOSPITALITY & CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८०/०३/१९ | LT. No. 288919 | चलानी नं.६०२०४२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,०४० | | | | | | | |
| 4 | General Supervisor | 1 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 8 | Representative | 4 | 0 | 2200 | ७९,२९५ | | | | | | | |
| 9 | Gen Clean Worker | 0 | 1 | 1100 | ३९,६४५ | | | | | | | |
| 10 | Gen Clean Worker | 16 | 0 | 1000 | ३६,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERITONE HEALTH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No. 279902 | चलानी नं. ६०१९५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेशियामा रोजगार

**SEGI CASH & CARRY SDN. BHD.** पुन: विज्ञापन

पूर्व स्विकृति मिति: 2079.04.04 चलानी नं. ६०१८३५४० LT No. 267675

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 03 | 1500 | 42326 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०८० असार २७ गते (12 July 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOA AL-ASYAH FACTORY

पूर्व स्वीकृति मिति २०८०/०२/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 286433 | चलानी नं. ६०२०१८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixer Driver | 2 | 0 | 1800 | ६२,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६२,८२० | | | | | | | |

कम्पनी : OMAR BIN AHMED BIN MOHAMMED AL MOHSEN GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 288051 | चलानी नं. ६०२०३३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NASSER AL-MARAS AUTO MECHANIC WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०२/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 287826 | चलानी नं. ६०२०३१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 2 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कम्पनी खारेजीको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०६६/७/२६ मा दर्ता भएको प्रा.लि.नं.६७५९२ को ब्राइट स्टार डेभलपमेन्ट प्रा.लि. को सञ्चालकहरुको मिति २०८०/०३/१९ मा बसेको विशेष साधारण सभाले कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनी खारेजीको प्रकृया शुरु गरिएको छ । तसर्थ उक्त कम्पनीसंग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाणसहित आजका मिति ले ३५ दिनभित्र हकदाबी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भूक्तान गरी बाँकी जायजेथा शेयरधनीलाई बाडिने हुनाले तोकिएको म्यादभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**लिक्विडेटर:** दिपक प्रसाद चापागाई का.जि.नागार्जुन न.पा.वडा नं.९, काठमाडौं ।
मो.नं.९८५११७२५८२



## अनलाइन पत्रिका बन्द हुने सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०३/२०**

यस www.samridnepal.com नामक अनलाइन पत्रिका कुनै दायित्व नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सन्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।

www.samridnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WK LEE BEST ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०३/१८ | LT. No. : 288857 | चलानी नं.: ६०२०४२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 3 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Panchasorna Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y01 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y02 | N/A | CHINA | PCS | 6,850.00 | 7,735.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y03 | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |

बिक्रेता फर्मको नाम : Panchasorna Group Pvt. Ltd. स्थायी लेखा नं. : 606749170
ठेगाना : Pepsikola-32, Kathmandu, Nepal फोन नं. : 9801171012

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आयोगको निर्णय स्वागतयोग्य

लोकतन्त्रको पर्याय हो– निष्पक्ष निर्वाचन । तर, हरेक निर्वाचनमा धाँधलीको आरोप लाग्छ । विवादरहित उम्मेदवार पाउन मुश्किल छ । निर्वाचन कहिले हुन्छ भन्ने कार्यतालिकाको ठेगान छैन । मतदानमा निर्णय क्षमता भएका अधिकांश युवा सहभागी हुन्नन् । उनीहरूका मत बाकसमा खस्छ, तर नक्कली मतदाताबाट । निर्वाचित भएपछि नीतिगतदेखि आर्थिक भ्रष्टाचार गरी अकुत कमाउने उम्मेदवारको कमी छैन । ललिता निवास प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण यसका बाछिटाहरू हुन् ।

निर्वाचन प्रणालीमा यस्तै विविध समस्या छन्, जसको समाधानका लागि बेलाबेला प्रश्न उठ्दै आएको छ । यावत कुराको सम्बोधनका लागि निर्वाचन आयोगले सोमबार मस्यौदा तयार पारेको छ । 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा'मा ती विषयलाई सम्बोधन हुने बुँदाहरू समावेश भएका छन् ।

निर्वाचन प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरणसमेत संकलन हुँदै छ । यसैगरी आयोगले विदेशमा रहेका मतदाता नामावलीमा समावेश व्यक्तिलाई सोही मुलुकबाट मतदान गर्ने व्यवस्था मिलाउनेसमेत निर्णय गरेको छ । यद्यपि, मस्यौदामा समानुपातिकका लागिमात्र यो व्यवस्था हुने भनिएको छ । 'नो भोट'लाई पनि कार्यान्वयनमा ल्याउने प्रस्ताव मस्यौदामा छ । यो राम्रो व्यवस्था हो । आयोगले निर्वाचन हुने मिति विधेयकमै तोकिने प्रस्तावसमेत मस्यौदामा उल्लेख गरिएको छ । निर्वाचनको निश्चित कार्यतालिका तय भएपछि चुनावमा बेग्लै रौनकता छाउने देखिन्छ । आयोगको मस्यौदामा उम्मेदवारहरूका लागि कडा व्यवस्था पनि छन् । कुनै पनि पराजित उम्मेदवार आफ्नो क्षेत्रमाबाहेक अर्को क्षेत्रमा जान नपाइने, कुनै दल नत्यागी अर्को दलको उम्मेदवार बन्न नपाइने व्यवस्था कार्यान्वयन भएमा दलीय किचलो विस्तारै अन्त्य हुने देखिन्छ । त्यसैगरी आयोगको मस्यौदामा निर्वाचनमा उम्मेदवारले मात्र नभई आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्ति विवरणसमेत पेस गर्नुपर्ने व्यवस्था गरेको छ । यसले भ्रष्टाचारमा दुरुत्साहन हुने देखिन्छ ।

प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यमा समानुपातिक प्रणालीबाट दुईपटक निर्वाचित भइसकेका व्यक्ति सोही निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था स्वागतयोग्य भए पनि पहुँचवालाहरूको रजाइँ पनि रोकिनुपर्छ । साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' गृह मन्त्रालयमार्फत संसद्मा पेस हुने तय गरिएको छ । यसका लागि संसद्मा बृहत् छलफल हुने देखिन्छ । मस्यौदामा भएका सकारात्मक व्यवस्थाहरू समेटेर कानुनको रूपमा ल्याउन संसद्ले पनि तदारुकता देखाओस् । नो भोट, विदेशबाटै मतदान गर्न पाउनुपर्नेलगायत मागलाई कानुनी रूपमा सम्बोधन गरिनुपर्छ । साथै, प्रत्यक्ष निर्वाचनमा पनि महिलालाई अनिवार्य ३३ प्रतिशत आरक्षणको व्यवस्था, समानुपातिकबाट दुईपटकभन्दा बढी उम्मेदवार बन्न नपाउनेलगायत आयोगको प्रस्ताव स्वागतयोग्य छ ।

### मननयोग्य

## चाणक्य नीति

मलाई तिमीजस्तो साथीसँग पूरा भरोसा छ विराध तिमी सुझबुझले ओतप्रोत भएका व्यक्ति हौ । राक्षस र विराधको यो कुरा हुँदै थियो । एउटा संकेत स्वरले दुवै झस्के विराधले सतर्क हुँदै भन्यो- 'लाग्छ कुनै गुप्तचर हो । शत्रु या मित्र यसलाई हेर्नुपर्दछ' ।

उसलाई हेर्न विराध हिँड्यो अगाडि जीवास एक अपरिचितलाई लिई आइरहेछ । जीवाक्ष त्यै गुप्तचर थियो जो विषकन्यासँग गएको थियो । चाणक्यद्वारा बन्दी भएको थियो । नजिकै आएपछि जीवाक्षले विराधको चरण छोयो। अपरिचितले नमस्कार गऱ्यो ।

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारबाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरबाट बल्लबल्ल बच्ची । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने । सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यबाट परिचित थिएन ।

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसका रहस्य जान्न एक सामा चाल थियो यागको वास्तविकता थियो जीवनलाई छुटाउन पि ज्ञ व्यक्ति को एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो। उनलाई मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो । उनले आफ्ना मृत्युका मुखमा घुमाएर गुप्तभन्दा गुप्त रहस्यहरू पाउन तयार पारेका थिए। यसकै परिणामस्वरूप ने राक्षसद्वारा पुरु तथा मलय र अन्य पांच राजास पाटलीपुत्र (पटना) मा आक्रमण गर्ने सूचना पाएका थिए चाणक्यले ।

पाटलीपुत्र (पटना) को दरवार, सबै राजदवारिया आफ्ना स्थान अनुशासित भई बसिसकेका छन् । विगुलको स्वरसँगै उद्घोषको महाराज चन्द्रगुप्त आउदै हुनुहुन्छ भन्ने घोषणा सुनियो। अर्को घोषणा प तेजस्वी महानीतिज्ञ मगधका भाग्यविधाता महात्मा चाणक्य दरवारमा हुनुहुन्छ भन्ने पनि । क्रमशः

# तराई केन्द्रित जनसंख्या: चुनौती र अवसर



▶▶ चेतन अधिकारी

> तीनै तहका सरकारले जेठदेखि असारको १० गतेसम्ममा नीति र कार्यक्रमहरु प्रस्तुत गरे । राज्यले नै करिब चार अर्ब रुपैयाँ लगानी गरेर गरेको जनगणनाको नतिजा प्रकाशन भएका दुई महिना नबित्दै ल्याएका नीति कार्यक्रममा त्यसको कुनै झल्को पाइँदैन । राज्यलाई कुनै नयाँ तथ्यांकको आवश्यकता नपरेको हो भने वर्षको झण्डै ४० करोड रुपैयाँ किन जनगणनाका नाममा लगानी गरिएको हो ? तथ्यांक आवश्यक परेको हो भने संघीय, प्रदेश र स्थानीय सरकारले बनाउने नीति नै यिनै 'फ्रेस तथ्यांक'लाई आधार मानेर बनाउनुपर्ने हो किन त्यसो नभएको हो ? जनगणनाको मुख्य औचित्य भनेकै देशमा रहेको जनसंख्याका आधारमा समुचित विकास गर्न, देशमा बसोबास गरेका मानिसलाई राज्यले उपलब्ध गराउने सेवा प्रवाहलाई सहज र सरल बनाउन, मानिसको बसोबासका आधारमा साधन स्रोतको समुचित वितरण गर्न उपयोग गर्नुपर्ने हो तर त्यसो भएको पाइएन ।

राष्ट्रिय जनगणनाले देशको जनसंख्या स्थिरतातर्फ उन्मुख भएको देखाउँदा आन्तरिकरूपमा भने जनसंख्या घट्ने र बढ्ने दरमा भिन्नता छ । कुनै भूगोलमा जनसंख्या बेस्सरी थुप्रिँदो अवस्थामा छ भने कुनै भूगोल निर्जन हुने हुन् कि भन्ने चिन्ता थपिँदो छ । गत चैतमा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को नतिजाको प्रतिवेदनले नेपालको जनसंख्या वितरणको खाडललाई उजागर गरेको छ । देशको एकमुष्ट जनसंख्या, वृद्धिदर, जनघनत्व आदिको तथ्यांक हेर्दा नेपाल जनसांख्यिक हिसाबले सुविधाजनक र सन्तोष गर्ने ठाउँमा छ । किनकि, यहाँको जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमात्र छ । जनघनत्व १९८ प्रति वर्गकिलोमिटर छ । कूल प्रजननदर २.१ प्रतिमहिला मात्र छ । यो अवस्था प्राप्त गर्नु निश्चय नै खुसीको खबर हो ।

नेपालभित्र पसेर आन्तरिकरूपमा जनसांख्यिक अवस्था केलाउँदा हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसंख्या घटेको छ । बाँकी रहेका पहाडी जिल्लामा जनसंख्याको वृद्धिदर न्यून छ । तराईका २० वटा जिल्लाको जनसंख्या वृद्धिदर उच्च छ । प्राकृतिकरूपमा हुने जनसंख्याको वृद्धिदर तीनवटै भूगोलमा समानजस्तै छ । जनसंख्या घटबढको कृत्रिम कारण बसाइँसराइले नेपालको जनसांख्यिक सन्तुलन खल्बल्याउने अवस्थामा पुगेको छ । जनसंख्या घटबढ गराउने मुख्य तीनवटा कारण हुन्छन् । जन्म, मृत्यु र बसाइँसराइ । जन्मले जनसंख्या बढाउँछमात्र । मृत्युले घटाउँछमात्र तर बसाइँसराइ यस्तो तत्त्व हो जसले उद्गमस्थलमा जनसंख्या घटाउँछ भने गन्तव्यस्थलमा जनसंख्या बढाउँछ । अर्थात् बसाइँसराइमा जनसंख्या घटाउने र बढाउने दुवै भूमिका एउटै व्यक्तिले निर्वाह गर्न सक्छ ।

जनगणनापछि हिमाल र पहाडमा जनसंख्या घटेकामा चिन्ता धेरै गरियो । बहसहरू पनि यतैतिर केन्द्रित भए । तर, सानो भौगोलिक क्षेत्रफल ओगेटेको तराइले जनसंख्याको आधाभन्दा बढी हिस्सा (५३.३ प्रतिशत) को भार बोक्नुपर्दा आउनसक्ने असर प्रभावका बारेमा कमैमात्र बहस भएको महसुस भएको छ ।

### हिमाल, पहाड जनसंख्या घट्दा तराईमा यसरी थपियो

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा दुई करोड ९१ लाख ६४ हजार ५७८ छ । यसमध्ये नेपालको तराई क्षेत्रमा एक करोड ५६ लाख ३४ हजार छ जनसंख्या रहेको छ । पहाडमा एक करोड १७ लाख ५७ हजार ६२४ र हिमालमा १७ लाख ७२ हजार ९४८ जनसंख्या रहेको छ । भौगोलिक विभाजनअनुसार तराई क्षेत्रमा झापादेखि कञ्चनपुरसम्म २१ वटा जिल्ला पर्दछन् । नवलपरासीलाई एक जिल्लाबाट दुई जिल्लामा विभाजन गरेपछि तराईमा २१ वटा जिल्ला गणना गरिएको छ ।

कुनै बेला जंगलको खानी र औलोको खानीका रूपमा रहेको तराई विभिन्न समयमा भएका राजनीतिक आन्दोलन, सरकारी नीति तथा औलो उन्मूलनपछि बस्नयोग्य भएको हो । सुरुआती चरणमा वर्षभरि खान पुग्ने, पहाडको तुलनामा




सुखसयलको उपभोग गर्न पाइने गन्तव्यका रूपमा विकास भएको तराई माओवादी सशस्त्र द्वन्द्वका बेला सुरक्षित स्थानको रूपमा मानिँदै मानिसको बसाइँसराइको लहर यतातिर सोझिएको हो । त्यसको प्रमाणका रूपमा माओवादी सशस्त्र द्वन्द्वको सुरुआत नहुँदै २०४८ सालमा भएको जनगणनामा तराई क्षेत्रको जनसंख्या कूल जनसंख्याको ४६.७ प्रतिशतमात्र थियो । तर, सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको बेला २०५८ सालमा भएको जनगणनामा ४८.४ प्रतिशत पुग्यो ।

वि.सं. २०७२ देखि नेपालमा संघीय लोकतान्त्रिक व्यवस्था लागू भएपछि तराईमा झर्ने मानिसको बहाव कम होला भन्ने अनुमान गरिएको थियो । संघीयतासँगै मानिसहरूले विकास, स्रोत, साधन र राजनीतिक सामाजिक पहुँच आदिको पनि समान वितरणको आशा राखेका थिए ।

तर, संविधान जारी हुनुपूर्व र संविधान जारी भइसकेपछि भएका दुई जनगणनाका तथ्यांक हेर्दा मानिसहरूको बहाव र रोजाइ बदलिएन । एक अर्थले भन्दा संघीयताबाट हिमाल र पहाडका अपेक्षा पूरा हुन सकेनन् । २०६८ सालमा भएको जनगणनामा नेपालको ५०.३ प्रतिशत जनसंख्या तराई क्षेत्रमा बसेको थियो भने संविधान जारी भएपछि २०७८ सालमा भएको जनगणनामा ५३.३ प्रतिशत मानिसहरू तराईमा बसेको देखियो ।

नेपालको अन्नको भण्डारका रूपमा तराईलाई चित्रित गरिन्छ । हुन पनि समथर मैदान, सिँचाइयुक्त क्षेत्र भएकाले यसले नेपालको पहाडी र हिमाली क्षेत्रलाई अतिरिक्त अनाज आपूर्ति गर्नेमात्र होइन भारतमा निर्यात पनि गर्ने हैसियत राख्थ्यो । त्यसको उदाहरणका रूपमा भद्रपुर, रंगेली, गौरीगञ्जजस्ता सीमावर्ती बजारलाई लिन सकिन्छ । जहाँ ठूला-ठूला धान मिलहरू थिए । नेपालमा उत्पादन भएको धान, चामल भारतका बजारमा बिक्री गरिन्थ्यो । अहिले अवस्था उल्टिएको छ । हिजो धान उत्पादन गर्ने खेतहरू घरले भरिएका छन् । मानिसहरूको रुचि कृषिक्षेत्रमा घट्दो छ । उत्पादन त्यसैअनुसार साँघुरिदो अवस्थामा छ । यसले गर्दा धान चामल निर्यात गर्ने मिलहरू जीर्ण बनेका छन् । हिजो आफैंले निर्यात गर्ने सीमावर्ती बजारबाट हामीहरू धन चामल किनेर पालिएका छौं ।

वि.सं. २०२८/२९ तिर राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको अवधारणा ल्याएपछि र ठाउँठाउँमा जंगल फाँडेर बस्ती बसाउने अनुमति दिएपछि हिमाली र पहाडी क्षेत्रबाट मानिसहरू तराईतिर ओइरिन थालेका हुन् । नेपालको इतिहासमा २०२८ देखि २०३८ सालको एक दशकलाई एक प्रकारले बसाइँसराइको दशक माने पनि हुन्छ । किनकि, २०२८ सालको जनगणनामा ३७.६ प्रतिशत भएको तराईको जनसंख्या पूर्व-पश्चिम राजमार्गको निर्माण प्रारम्भ र सम्पन्न भएपछि यति बढ्यो कि २०३८ सालमा भएको जनगणनामा छ प्रतिशत बढेर ४३.६ प्रतिशत मानिसहरू तराईमा बस्ने भइसकेका थिए ।

### तराईमा बसोबास गराउन सरकारी प्रोत्साहन

तत्कालीन सरकारले पहाडबाट मधेसमा बसाइँसराइलाई उत्प्रेरित गर्न विभिन्न प्रकारका कार्यक्रमहरू अघि सारेको थियो । विभिन्न पञ्चवर्षीय योजनाकालमा आकर्षक प्रस्तावसहित पहाडबाट तराईतिर बसाइँ सार्न राजा महेन्द्रले थालेका थिए । नेपालमा पहाडबाट तराईलाई आवाद गरेर बसोबासका लागि प्रेरित गर्न अघि सारिएका केही कार्यक्रमहरू यस्ता थिए राप्ती उपत्यका बहुउद्देश्यीय परियोजना (सन् १९५६-६२), खजुरा पुनर्वास परियोजना बाँके (१९६६), जमुनी पुनर्वास परियोजना बर्दिया (१९७०), झापा पुनर्वास परियोजना (१९७०), प्रशासन पुनर्वास परियोजना (१९७०), धनेवा पुनर्वास परियोजना नवलपरासी (१९७५), जुगेडा पुनर्वास परियोजना (१९७५) आदि ।

पहिलो पञ्चवर्षीय योजनाकालदेखि निरन्तरता दिइँदै आएको यो कार्यक्रममालाई छैटौं पञ्चवर्षीय योजनाकाल (१९८०-८५)मन कञ्चनपुर, बर्दिया, सर्लाही, नवलपरासी, कैलाली र झापालगायतका जिल्लामा विस्तार गरिएको थियो । यी जिल्लाहरूमा पहाडी र हिमाली क्षेत्रबाट मानिसहरू ल्याउनका लागि सन् १९६४ मा सरकारले पुनर्वास कम्पनी नै स्थापना गरेर पहाडबाट तराईतिरको बसाइँसराइलाई उत्प्रेरित गरेको थियो । सुरुमा पूर्वपश्चिम राजमार्ग आसपासका ठाउँहरूमा बसाइँसराइको सघन प्रभाव थियो । पछिल्ला वर्षहरूमा ती ठाउँमा मानिसहरू भरिए, नयाँ बसाइँ सरुवाहरूले त्यस क्षेत्रमा जमिन किन्ने हैसियत पुऱ्याउन नसकेर र जनसंख्याको वृद्धिसँगै तराईका गाउँहरूमा स-साना सहरको विकास भएका कारण मानिसहरू भित्री गाउँसम्म पुगेर बसोबास गर्ने क्रम बढाएका छन् । त्यसैले गर्दा मिहीन ढंगले हेर्ने हो भने पछिल्ला वर्षहरूमा राजमार्गमा जोडिएका सहरहरू भरिँदै गएपछि त्यससँगै जोडिएका दक्षिणतिरका साना सहरहरूको जनसंख्या वृद्धिदर उच्च छ । उदाहरणका लागि, बुटवल उपमहानगरको जनसंख्या वृद्धिदर (३.३२ प्रतिशत) भन्दा तिलोत्तमा नगरपालिकाको जनसंख्या वृद्धिदर (३.८४) उच्च रहेको छ । जहाँ राजमार्गका सहरको फैलावटको सम्भावना उच्च बिन्दुमा पुगेको छ । त्यहाँबाट मानिसहरू दक्षिणतर्फ धकेलिन थालेका छन् ।

### तराईका दुई दुःख

तराईको दुःख आन्तरिकमात्र छैन, बाहृय जनसंख्याको भार बोक्नुपर्ने पनि छ । खुला सिमानाका कारण नेपालमा दक्षिणबाट मानिसहरू आवतजावत गर्न कुनै रोकतोक छैन । त्यसकारण ठूलो संख्यामा दक्षिणतिरका मानिसहरू पनि तराई क्षेत्रमा बसोबास गरेका छन् भनेर विभिन्न समाचार र प्रतिवेदनमा बेलाबेला सार्वजनिक हुने गरेकै छ । यी सबैको कूल योग भनेको तराईमा एक प्रकारको जनसंख्या बहुलताको समस्या हो ।

यसो भनेर यति जनसंख्यालाई तराईले थेग्नै सक्दैन भन्नेचाहिँ होइन । जनसंख्याको यो आकर्षणलाई व्यवस्थित गर्ने, अन्नको भण्डारका रूपमा रहेको तराईको पहिचानलाई कायमै गर्ने, निर्यातलाई निरुत्साहित गर्ने जिम्मेवारीको अंश पनि तराई क्षेत्रलाई बढी छ । त्यसले गर्दा तराईमा ढिलो नगरी एकीकृत बस्ती विकासका कार्यक्रम, कृषि र बसोबासको जमिनको वर्गीकरण, व्यवस्थित सहरीकरण, उद्योगधन्दा, विद्यालय र अस्पताल, विमानस्थल आदि जस्ता पूर्वाधारको सञ्चालनका दीर्घकालीन योजना जरुरी छ ।

नेपालमा अहिले तीन तहका सरकार छन् । तीनै तहका सरकारले जेठदेखि असारको १० गतेसम्ममा नीति र कार्यक्रमहरू प्रस्तुत गरे । राज्यले नै करिब चार अर्ब रूपैयाँ लगानी गरेर गरेको जनगणनाको नतिजा प्रकाशन भएका दुई महिना नबित्दै ल्याएका नीति कार्यक्रममा त्यसको कुनै झल्को पाइँदैन । राज्यलाई कुनै नयाँ तथ्यांकको आवश्यकता नपरेको हो भने वर्षको झण्डै ४० करोड रूपैयाँ किन जनगणनाका नाममा लगानी गरिएको हो ? तथ्यांक आवश्यक परेको हो भने संघीय, प्रदेश र स्थानीय सरकारले बनाउने नीति नै यिनै 'फ्रेस तथ्यांक'लाई आधार मानेर बनाउनुपर्ने हो किन त्यसो नभएको हो ? जनगणनाको मुख्य औचित्य भनेकै देशमा रहेको जनसंख्याका आधारमा समुचित विकास गर्न, देशमा बसोबास गरेका मानिसलाई राज्यले उपलब्ध गराउने सेवा प्रवाहलाई सहज र सरल बनाउन, मानिसको बसोबासका आधारमा साधन स्रोतको समुचित वितरण गर्न उपयोग गर्नुपर्ने हो तर त्यसो भएको पाइएन ।

### सानो भूगोलमा ठूलो जनसंख्या, राजनीतिको नयाँ एजेण्डा

सघन जनसंख्याको भार खेपिरहेको तराईले आगामी दशकहरूमा राजनीतिमा नयाँ-नयाँ मुद्दाहरू स्थापित गर्ने कुराका संकेतहरू त अहिले नै देखिन थालेका छन् । तर, अहिलेचाहिँ यस ठाउँमा बसोबास गर्न आएका मानिसहरूलाई व्यवस्थितरूपमा बसाउन सकिएन भने आगामी केही दशकमा तराईमा बस्ने मानिसहरूले कष्टपूर्ण जीवन शैली बिताउनुपर्ने हुन्छ ।


प्राकृतिक विपत्तिमा ठूलो धनजनको क्षति तराईको नियति हुनेछ । घना जनसंख्याको आवश्यकता पूरा गर्न नसक्दा हुनसक्ने दंगा अर्को जोखिम हो । त्यसैले यी सबै कुरालाई मध्यनजर गरेर तराईको खेतीयोग्य जमिनको आकार घटे पनि उत्पादन बढाउनु पनि हाम्रै दायित्व हुनेछ । कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, मल बीउको समयमै उपलब्धता र कृषि उपजको बजारको सुनिश्चिचता तराईका प्राथमिकता हुनुपर्दछ ।

### तराईको "ब्रेन गेन" अवसरको खानी

बसाइँसराइ गन्तव्य स्थानका लागि चुनौतीमात्र होइन, ठूलो अवसर पनि हो । संसारका जति पनि देशहरूले चाँडोचाँडो समृद्धि हासिल गरेका छन् । त्यहाँ बसाइँसरुवाको ठूलो योगदान छ । यसरी दक्ष, सीपयुक्त तथा क्षमतावान् मान्छे बसाइँ सरी कुनै पनि स्थानमा आउने अवस्थालाई जनसांख्यिक भाषामा 'ब्रेन गेन' भनिन्छ । यस अर्थमा नेपालको तराईले ब्रेन गेन गरिरहेको स्थिति छ भने हिमाली र पहाडी क्षेत्रहरूले 'ब्रेन ड्रेन'को सामना गरिरहेका छन् ।

बसाइँ सर्ने मानिसहरू अक्सर साहसी, सिर्जनशील, पढालेखा, जोखिम मोल्नसक्ने, युवा र तुलनात्मकरूपमा आर्थिकरूपले सम्पन्न वर्गका हुन्छन् । यसको परीक्षणका लागि तपाईं हामीले हाम्रो गाउँछिमेकलाई नयाँ थातथलो बनाउन आएका छिमेकीहरूलाई हेरौं । यसमा कति सत्यता छ । पत्ता लागिहाल्छ । ती बसाइँसरुवाहरू केही न केही नयाँ काम गर्न इच्छुक हुन्छन् । त्यसको वातावरण स्थानीय, प्रदेश र संघीय सरकारले उपलब्ध गराउनुपर्दछ । त्यसैले हाम्रो तराई प्राकृतिक उत्पादनको हिसाबले मात्र उर्वर छैन, मानवीय दिमागका हिसाबले पनि उर्वर छ । यसलाई सदुपयोग गरौं । समृद्धि हासिल गरौं । *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**खच्चडमा पाइप-सिमेन्ट ढुवानी** | डोल्पाको सदरमुकाम दुनैबाट उपल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिकातर्फ खच्चडमा पाइप, सिमेन्ट ढुवानी हुँदै । एक खच्चडले बोकेको पाँच दिनको ज्याला आठ हजार रूपैयाँ लिने गरिन्छ ।
*तस्बिर: हेमन्त केसी / रासस*

### रोशीमा डम्फु जीवन्त संग्रहालय

# गुरुयोजनाभन्दा फरक ढंगमा निर्माण हुँदै

■ पेमा लामा

**बनेपा–** बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११ कालढुंगामा उद्यानसहितको डम्फु जीवन्त संग्रहालय निर्माण भइरहेको छ । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) भन्दा फरक ढंगले निर्माण भइरहेको उक्त संग्रहालय डिपिआर बनाउँदा माटो परीक्षण नगरिएकाले भौगोलिक संरचनाको अध्ययनपश्चात् फरक ढंगले निर्माण गर्नुपर्ने देखिएको जनाइएको हो ।

गाउँपालिकाका इञ्जिनियर भूपेन्द्र अधिकारीका अनुसार उद्यान निर्माणस्थलमा बलौटे माटो थुप्रिएको र नजिकै बगिरहेको भ्याकुरे खोलाले कुनै पनि बेला असर गर्नसक्ने अवस्था देखिएकाले डिपिआरभन्दा फरक ढंगले निर्माण गर्नुपरेको बताए । अहिले निर्माण भएको संरचनामा डम्फुबाहेक भवन, शौचालयलगायत संरचना उद्यानको अर्को दिशातर्फ बनाउनुपरेको उनको भनाइ थियो ।

'उद्यान बनाउने क्षेत्र र क्षेत्रफल त्यही भए पनि पुरुवा बलौटे माटो भएको ठाउँ भएको र बलियो जग राख्नपरेकाले अलि फरक स्थानमा बनाउनुपरेको हो,' इञ्जिनियर अधिकारीले भने, 'सुरुकै गुरुयोजनाअनुसार बनाउँदा फाउण्डेशन निकै तलबाट उठाउनुपर्ने र यसका लागि लागत बढी पर्ने भएपछि संरचना निर्माणको कामलाई केही परिमार्जन गरिएको हो ।'

गुरुयोजनामा डम्फुको पछाडिपट्टी निर्माण गर्नुपर्ने संग्रहालय र पुस्तकालय भवन तथा शौचालय बायाँतर्फको ठाउँमा निर्माण गरिएको छ । अहिले सो उद्यान क्षेत्रमा निर्माण सम्पन्न भइसकेको डम्फु आकृतिको संरचनाबाहेक संग्रहालय र पुस्तकालयको भवन, शौचालय, सेल्फि प्वाइन्ट, फुट इस्टल, पार्किङस्थल निर्माणका साथै घेराबारको काम भइरहेको छ ।

इञ्जिनियर अधिकारीका अनुसार करिब छ करोड रूपैयाँको लागतमा सो संग्रहालय निर्माण हुनेछ । पहिलो चरणमा एक करोड ८४ लाख रूपैयाँमा डम्फुको आकृति निर्माणका लागि फाउण्डेसन निर्माण, दोस्रो चरणमा एक करोड २५ लाख रूपैायाँको लागतमा डम्फु निर्माण र अहिले तेस्रो चरणमा दुई करोड २५ लाख रूपैयाँको लागतमा थप संरचना निर्माण भइरहेको



उनले बताए । माटो परीक्षणका क्रममा पहिलाको संरचनाअनुसार निर्माण गर्दा जग बलियो बनाउन फाउण्डेसन निर्माणको लागि धेरै लागत लाग्ने भएकाले त्यहीअनुसार निर्माण गरिए करिब पाँच करोड रूपैयाँ थप लागत लाग्ने उनको भनाइ थियो ।

गाउँपालिकाका पूर्वअध्यक्ष दलबहादुर लामाले उक्त संग्रहालय निर्माणका क्रममा गुरुयोजनाभन्दा फरक ढंगले निर्माण गर्न लागिएको पाएपछि पालिका र इञ्जिनियरको ध्यानाकर्षण गराइएको बताए । अहिले निर्माण गरिएको डम्फु आकृतिको माथिल्लो भागमा चराको आकृति नराखिएको पाएपछि त्यसलाई सोहीअनुरूप निर्माण गर्न ध्यानाकर्षण गराइएको उनको भनाइ थियो ।

'रोशीको फरक पहिचान दिलाउनका लागि हामीले अगाडि बढाएको गौरवको आयोजना 'डम्फु जीवन्त संग्रहालय'को विस्तृत परियोजना प्रतिवेदनलाई तोडमोड गरेरभन्दा पनि सोही अनुरूप निर्माण गर्दा नै अति उत्तम हुने थियो,' उनले भने, 'इञ्जिनियरको पनि सल्लाह सुझाव लिइरहेको र काम पनि अगाडि बढिरहेकाले फरक ढंगबाट निर्माण हुने छैन भन्नेमा विश्वस्त छु ।'

साठी रोपनी जग्गा व्यवस्थापन गरी निर्माण भइरहेको संग्रहालयलाई बहुउपयोगी हुनेगरी बन्दै गरेको उद्यान सम्पन्न भएपछि पर्यटकको चहलपहल हुनेसमेत विश्वास गरिएको छ । गाउँपालिकाका अध्यक्ष दिनेश लामाले यसै आर्थिक वर्षमा भौतिक संरचना निर्माण गरी जीवन्त संग्रहालयको लागि आवश्यक पर्ने सबै संग्रहालयको काम अबको एक वर्षभित्रमा सकाउने गरी काम भइरहेको बताए ।

'अहिले संग्रहालयको भवन र टिकट घर निर्माणको चरणमा रहेको छ,' उनले भने, 'पूरै कम्पाउण्ड वाल लगाउने, शौचालय निर्माण गर्ने, बगैंचा निर्माण, मूल गेटदेखि डम्फुसम्म ढुंगा बिछ्याउनेलगायत काम भइरहेको छ ।'

राजमार्ग छेउमा नयाँ ढंगको उद्यानसहित संरचना ठडिएपछि अहिले सबैको आकार्षणको थलो बन्दै गएकाले बिपी राजमार्ग भएर यात्रा गर्ने जोकोहीको मन पनि कालढुंगामा पुगेपछि सडक छेउमा भएको ठूलो आकृतिको 'डम्फु स्तम्भ'मा अडिने गरेको छ । सडक छेउमा नै निर्माण गगरिएको सो डम्फु आकृतिको दृश्यले सबैको आँखा टक्क अडिनेमात्रै नभई त्यसलाई आफ्नो तस्बिरमा कैद गर्ने थलोसमेत बनेको छ ।

प्रायः निजी सवारीसाधनका यात्रीका लागि सेल्फी खिच्ने केन्द्र बनेको छ भने सार्वजनिक सवारीसाधनमा यात्रा गर्नेका लागिसमेत मोबाइलमा कैद गर्ने आकर्षक दृश्य बनेको छ । डम्फु स्तम्भ निर्माण सम्पन्न भएसँगै सो राजमार्ग भएर आवतजावत गर्ने दैनिक सयौंको संख्यामा सेल्फी खिच्नेको भीड बढेको छ ।

अहिले सो ठाउँ थकान मेटाउनका लागिमात्रै भन्दा पनि नयाँ कुरा सिक्ने र बुझ्ने केन्द्रको रूपमासमेत परिचित हुँदै गएको छ । संघीय राजधानी काठमाडौंबाट पूर्वका जिल्लामा जाने मुख्य नाकाको रूपमा रहेको काभ्रेपलाञ्चोकको सो गाउँपालिकामा बिपी राजमार्ग रोशी खोलाको किनारै किनार नागबेली भएर बनेको छ । तामाङ समुदायको बाहुल्यता रहेको सो क्षेत्रमा एकातिर सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्द्धन हुने अर्कोतिर विश्रामस्थललाई थप आकर्षणको केन्द्र बनाउने उद्देश्यका साथ डम्फु स्तम्भसँगै जीवन्त संग्रहालय निर्माण भइरहेको हो । *रासस*

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०३/२०**

यस त्रिपासा सामुदायिक वनबाट आ.व. ०७९/०८० मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम रूख कटान भई उत्पादन भएको सोकन चौर, हरिहरपुरगढि गा.पा.-३ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल र असना जातका गोलिया थान १४४ को १७०६.२५ क्यू.फिट काठ र साल मिश्रित ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका इच्छुक वन नियमावली, २०७९ को नियम १२८ बमोजिम काठ दाउरामा आधारित सूचिकृत स:मिल र भेनियर तथा प्लाईउड उद्योगले यो सूचना यस राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दर्ता दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । विस्तृत व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिपासा सामुदायिक वन उपभोक्ता समूह,**
**हरिहरपुरगढि गा.पा.-३, सिन्धुली**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLANT OF SAUDI DETERGENT POWDER CO.
पूर्व स्वीकृति मिति: २०७९/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No.277936 | चलानी नं. ६०१९३५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KC CONTRACT SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०३/१७ | LT. No.288814 | चलानी नं. ६०२०४२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construcion worker | 25 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMADANI SECURITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति २०७८/११/०८ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. : 257785 | चलानी नं. ६०१७४७७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1200 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: इटहरी, होटल खुकुरीमा मिति: २०८० असार २७/२८/२९ गते (12/13/14th July. 2023) मा हुनेछ ।

कम्पनी : EAGLE EYE SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति २०७९/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. : 264164 | चलानी नं. ६०१८६९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 25 | 0 | 1200 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODEST SECURITY SERVICES L.L.C
पूर्व स्वीकृति मिति २०७८/०८/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. : 253524 | चलानी नं. ६०१७०३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 2 | 1200 | ४२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको शाखा कार्यालय पोखरा, पृथ्वी चोकमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१०/०६१/०६२

**JBR Associates Pvt. Ltd.**
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT
पूर्व स्वीकृति मिति : २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 278659 | चलानी नं. : ६०१९४४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 12 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : SJ CLASSIC INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 265819 | चलानी नं. : ६०१८१९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KOSSAN PAINT (M) SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/०५/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 270679 | चलानी नं. : ६०१८७१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 55 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CCL DESIGN (KL) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 285531 | चलानी नं.६०२०११३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SONGS TRINITY SOLUTIONS SDN. BHD
पूर्व स्वीकृति मिति २०८०/०३/१९ | LT. No. : 288926 | चलानी नं.६०२०४२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 100 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५९३/०७९/०८०

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

# प्रभाव दैनिक


रूपशाला

## शाहरूख खान घाइते

अमेरिकामा सुटिङ्का बलिउड अभिनेता शाहरूख खान घाइते भएका छन् । उनको नाकमा चोट लागेको छ । अमेरिकाको लस एन्जलसमा दुर्घटनामा परेपछि उनलाई तत्काल अस्पताल लगिएको थियो । लस एन्जलसमा भएको सुटिङ क्रममा उनको नाकमा चोट लागेलगत्तै तुरुन्तै अस्पताल लगिएको थियो । चोटका कारण नाकबाट रगत बग्न थालेपछि अस्पताल लगिएको थियो । अहिले आफ्नो घर मन्नत फर्किसकेका उनी स्वास्थ्यलाभ गरिरहेका छन् । दुर्घटनापछि शाहरूखलाई नाकमा पट्टी बाँधेको देखाइएको थियो ।





# टिन स्टार इन्टरनेसनल: थाइल्याण्ड उडे आर्नभ, निभिका र सायरा



■ प्रभाव संवाददाता

**काठमाडौँ–** थाइल्याण्डमा आयोजना हुने अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगीता 'टिन स्टार इन्टरनेसनल २०२३' मा नेपाली बालबालिका आर्नभ श्रेष्ठ, सायरा भट्ट र निभिका दुवालले नेपालको प्रतिनिधित्व गर्ने भएका छन् । जुलाई ३ तारिखदेखि ११ तारिखसम्म आयोजना हुने उक्त प्रतियोगीताका लागि तीनै प्रतियोगीत सोमबार थाइल्याण्ड उडेका छन् ।

करिब ४५ देशको सहभागीता रहने प्रतियोगितामा उनलाई ईभेन्ट बेटर ग्यालेक्सीले पठाएको हो । नेपालको तर्फबाट सहभागिता जनाउने १३ वर्षिय आर्नभ श्रेष्ठ काठमाडौं प्रयागकुञ्ज स्कूलमा कक्षा ७ मा अध्ययनरत छन् । भविष्यमा व्यवसायी बन्ने लक्ष्य राख्ने आर्नभ ईभन्ट बेटर ग्यालेक्सीले आयोजना गरेको 'नेसकल किड्स अफ द इयर २०२२' का विजेता हुन् ।

सोही प्रतियोगिताकी सहभागी ११ वर्षिय सायरा भट्ट पाठशाला नेपालमा कक्षा ६ मा अध्ययरत छन् । भविष्यमा न्युरो सर्जन बन्ने लक्ष्य राख्ने सायरा पनि नेसनल किड्स अफ द इयर २०२२ का विजेता हुन् । त्यस्तै तेस्रो सहभागी १३ वर्षिया निभिका दुवाल लिटल वर्ल्ड इङ्लिस स्कुलमा कक्षा ८ की विधार्थी हुन् । भविष्यमा एनिमेटर बन्ने सोच भएकी निभिका नेसनल किड्स अफ द इयर २०२२ की फस्ट रनर अप हुन् ।

नेपालका लागि सो प्रतियोगिताको नेसनल डाइरेक्टर धीरज तण्डुकार र आधिकारिक संस्था इभेन्ट बेटर ग्ल्यालेक्सी इन्टरटेन्मेन्ट रहेको छ । प्रतियोगीलाई इभेन्ट बेटर ग्ल्यालेक्सीका सिइयो आफैले थाइल्याण्ड लिएर उडेका हुन् ।

प्रतियोगीका लागि प्रशिक्षण तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सम्बन्धी अभिमुखीकरण तथा तयारी संचारकर्मी एवं फेसन कोरियोग्राफर रोजिन शाक्यले गरेका हुन् । नेपालको प्रतिनिधित्व गर्ने सहभागिहरूको पहिरन डिजाइन सिआईएफटीले गरेको हो ।

कार्यक्रममा नेपालको तर्फबाट सहभागीले नेपाली कलासंस्कृति र कल्चरल ड्रेसमा समेत प्रस्तुत गरेका छन् । थाइल्याण्डको बैंकक र पटाया शहरमा संचालन हुने टिन स्टार इन्टरनेसनल २०२३ मा फाइनल प्रतिस्पर्धा जुलाइ ९ तारिखमा हुनेछ ।

# दोहोरी गीत प्रतिष्ठानको 'सम्मानार्थ सदस्यता'

■ प्रभाव संवाददाता





**काठमाडौं–** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानले आठ जना लोक स्रस्टालाई 'सम्मानार्थ सदस्यता' प्रदान गरेको छ । सोमबार बिजी ब्याङ्क्वेट गंगबुमा एक कार्यक्रमकाबीच प्रतिष्ठानले सम्मान सहित सदस्यता प्रदान गरेको हो ।

'सम्मानार्थ सदस्यता' प्राप्त गर्नेमा नन्द कृष्ण जोशी, प्रेमदेव गिरी, हरिदेवी कोइराला, कुमार बस्नेत, शम्भु राई, प्रेमराजा महत, कृष्ण गन्धर्व र रामप्रसाद खनाल रहेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका संस्थापक अध्यक्ष अम्बर बिरही गुरुङ, पुर्व अध्यक्ष तथा संरक्षक प्रजापती पराजुली, दुर्गा रायमाझी, पुरुषोतम न्यौपाने, चन्द्र शर्मा, सल्लाहकार नारायण रायमाझी उज्वलजंग ठकुरी, रामचन्द्र कोइराला, आरसि कोइराला, रमेश बाबु श्रेष्ठ, कृष्ण कडेल, राधाकृष्ण पाठक, लोक तथा दोहोरी गीत प्रतिष्ठानकी अध्यक्ष रिता थापा मगर लगायतले सम्मान 'सम्मानार्थ सदस्यता' प्रदान गरे । गायिका हरिदेवी कोईराला अवस्थता र रामप्रसाद खनाल अमेरिकामा रहेकोले कार्यक्रममा सहभागी हुन सकेनन् ।

कार्यक्रममा सम्मानित गायक कुमार बस्नेत, शम्भु राई, प्रेमराज महत लगायतले सम्मानका लागि प्रतिष्ठानलाई धन्यवाद दिँदै आफ्नै घर ठानेको प्रतिष्ठानमा औपचारिक रूपमै भित्रिन पाउदा खुसी मिलेको धारणा राखे ।

त्यस्तै प्रमुख अतिथि अम्बर विरही गुरुङले प्रतिष्ठानको बर्तमान कार्यसमितिले उल्लेख्य रचनात्मक काम गरेको र यसरी अग्रजलाई सम्मान गर्दै प्रतिष्ठानको ओझिलो परिवार बनाउन तल्लिन अध्यक्ष लगायत सिंगो कार्यसमितिलाई धन्यवाद दिए ।

पूर्व अध्यक्ष एवं संरक्षक प्रजापती पराजुली, दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपाने, चन्द्र शर्मा, नारायण रायमाझीले प्रतिष्ठान र लोक गीतसंगीतको बिषयमा धारणा राखेका थिए ।

गायक कृष्ण गन्धर्व र प्रेमदेव गिरीले गीत गाएर खुसी व्यक्त गरेको कार्यक्रममा सम्मानार्थ सदस्यहरूको कालजयी गीत गायक गायिका पशुपति शर्मा, रामजी खांड, राधिका हमाल, कृष्ण रेउले, रमेशराज भट्टराई, पूर्णकला बिसी, शिरीष देवकोटा, जुना श्रीष, शान्ती श्री, रेशम निर्दोश लगायतले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानकी अध्यक्ष रिता थापा मगरले अग्रजको सम्मान हामीले नगरे कस्ले गर्ने भन्दै अग्रजको सम्मान बुवाआमा र भगवानको सम्मान भएको बताइन् । लोक तथा दोहोरीगीत प्रतिष्ठानका थुप्रै सदस्यहरूको उपस्थिती कार्यक्रममा रहेको थियो ।

लोकस्रस्टालाई 'सम्मानार्थ सदस्यता' बितरण निर्णय प्रतिष्ठानले केही अगाडि कास्कीको मादी गाउँपालिकास्थित पर्यटकीय गाउँ ताङतिङमा भएको प्रतिष्ठानको केन्द्रीय कार्यसमितिको घुम्ती बैठकले गरेको थियो ।

उक्त बैठमा प्रतिष्ठानले अग्रज संगीतकार नारायण रायमाझीको 'सांगीतिक साँझ' समेत आयोजना गर्ने निर्णय गरेको थियो । रायमाझीको सांगीतिक साँझ आगामी भदौं महिनामा आयोजना हुनेछ ।

# ४६ वर्षपछि फर्कियो 'नाच्देउ मैच्याङ'

**काठमाडौं (प्रस)–** गायक तथा संगीतकार शम्भुजित बासकोटा र गायिका देविका बन्दनाको स्वरमा रहेको चर्चित गीत 'नाच्देउ मैच्याङ'को रिमेक भर्सन सार्वजनिक भएको छ । रिमेक भर्सनको गीतमा संगीतकार शम्भुजित बास्कोटाको स्वर, शब्द र संगीत छ । उनलाई स्वरमा पाल्मु शेर्पाले साथ दिएकी छन् ।

यो गीत शम्भुजितले ४६ वर्ष अघि रेडियो नेपालमा गाएका थिए । गीतमा चाँद सिंहको एरेन्ज, चन्द्र चौधरीको मिक्सिङ र मास्टरिङ छ । सोमबार परेको गुरु पूर्णिमाको अवसर पारेर सार्वजनिक गीतको भिडियोमा पल शाह र छिरिङ शेर्पा फिचर्ड छन् । भिडियोको निर्माता गायिका पाल्मु नै हुन् ।





'मैले यो गीत ४६ वर्षअघि सिक्नका लागि गाएको थिएँ । अहिले आएर त्यसलाई अझ नयाँ रूप दिँदै गाउन पाउँदा प्रफुल्लित छु,' राजधानीमा आयोजित भिडियो सार्वजनिक कार्यक्रममा शम्भुजितले भने । शम्भुजित नेपालको पहिलो म्यूजिक भिडियो निर्देशकसमेत हुन् ।

गायिका पाल्मुले बाल्यकालदेखि नै शम्भुजितको गीत र संगीत सुनेर हुर्किएको स्मरण गर्दै अहिले यो गीतमा शम्भुजितसँग सहकार्य गर्न पाउनु आफ्ना लागि अहोभाग्य भएको बताइन् ।

भिडियोका मोडल पल शाहले म्यूजिक भिडियोको कल्पना गरेका शम्भुजित बासकोटासँग यो भिडियोमा सहकार्य गर्न पाउँदा आफू हर्षविभोर भएको बताए ।

मोडल छिरिङ शेर्पाले आफू शेर्पा समुदायको फिल्ममा र केही गीतमा सीमित भइरहँदा अहिले यो टिमसँग सहकार्य गर्न पाउँदा आफ्नो दायरा फराकिलो बनेको अनुभव सुनाइन् ।

हरि हुमागाईंको डीओपी र निर्देशन रहेको भिडियोमा नेपा फेस ब्युटीको मेकअप, प्रविण मानन्धरको कलर, सुनिल शिवभक्तिको सम्पादन, काजिश श्रेष्ठको कोरियोग्राफी, उत्तम हुमागाईंको छायांकन छ ।



विश्वकप छनोट

# आयरल्याण्डसँगको हारपछि आठौं स्थानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** जिम्बावेमा जारी रहेको आइसिसी विश्वकप छनोट अन्तर्गत सातौं स्थानका लागि खेलमा आयरल्याण्डसँग पराजित हुँदा नेपाल आठौं स्थानमा रहेको छ । हरारेमा रहेको टाकासिंगा स्पोर्टस् क्लबमा नेपाल २ विकेटले पराजित भयो ।

नेपालले दिएको २ सय ६९ रनको लक्ष्य आयरल्याण्डले ४९.२ ओभरमा ८ विकेट गुमाएर पूरा गऱ्यो । आयरल्याण्डका लागि कुर्टिस क्यामफेर र ह्यारी टेक्टरले अर्धशतकीय ईनिङ खेले । क्यामफेरले ५९ बलमा ५ चौका र १ छक्काको सहयोगमा ६२ रन बनाए । टेक्टरले ७६ बलमा ४ चौका र २ छक्काको सहयोगमा ६० रन बनाए । जर्ज डकरेलले ४७ बलमा ३३ तथा लुर्कन टुकेरले २२ बलमा २४ रन बनाए । नेपालका लागि करण केसीले ४ तथा किशोर महतोले २ विकेट लिए । गुलसन झा र सन्दीप लामिछानेले समान १/१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ६८ रन बनाएको थियो । नेपालका लागि गुलसन झाले ४२ बलमा ४ चौका र ३ छक्काको सहयोगमा अविजित ५७ रनको अर्धशतकीय ईनिङ खेले ।

ओपनर अर्जुन साउदले ८४ बलमा ३ चौका र २ छक्काको सहयोगमा ४८ रन बनाए । कुशल मल्लले ३८ बलमा ५ चौका र २ छक्काको सहयोगमा ४४ रन बनाए ।

आठौं विकेटका सन्दीप लामिछाने र गुलशन झाले ८० रनको कीर्तिमानी साझेदारी गरे । ओडिआईमा नेपालका लागि आठौं नम्बरको लागि भएको यो सबैभन्दा ठूलो साझेदारी हो । यसअघि आठौं विकेटका लागि दीपेन्द्र ऐरी र सन्दीपले आइतबार युएईविरुद्ध ७९ रनको साझेदारी गरेका थिए ।

सन्दीपले ३० बलमा ३ चौका र १ छक्काको सहयोगमा ३२ रन बनाए । कप्तान रोहित पौडेलले ३५ बलमा २९ तथा भीम सार्कीले २० रन बनाए । आयरल्याण्डका लागि मार्क अडिर, ब्यारी म्याकार्थी र क्रिग योंगले समान २/२ तथा एन्डि म्याकवर्नी, कुर्टिस क्यामफेर र गारेथ डिलेनीले समान १/१ विकेट लिए ।

जितसँगै आयरल्याण्डले विश्वकप छनोट खेलको सातौं स्थान हासिल गरेको छ । पराजित नेपालले प्रतियोगितामा आठौं स्थान हासिल गरेको छ ।

# कमल र गणेशको जोडी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

काठमाडौं- पूर्वउपप्रधानमन्त्री कमल थापा र गणेश थापाको जोडी मदन स्मृति ब्याडमिन्टन प्रतियोगिता-२०८० को सेमिफाइनलमा प्रवेश गरेका छन् ।

ललितपुरस्थित रिभाइभ रिक्रियसन सेन्टरमा भएको प्रतियोगितामा थापा दाजुभाइले पञ्चबहादुर गुरुङ र ठाकुर गैरेको जोडीलाई २१-८, २१-१४ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएका हुन् । अब थापा दाजुभाइले फाइनल प्रवेशका लागि पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र लिलबहादुर थापाको जोडीसँग प्रतिस्पर्धा गर्ने छन् । राई र थापाको जोडीले राजकाजी महर्जन र प्रकाश रावलको जोडीलाई २१-४, १७-२१, २१-११ ले पराजित गर्दै सेमिफाइनलमा थापा दाजुभाइसँगको भेट पक्का गरेका हुन् ।

जननेता मदन भण्डारीको ७२औं जयन्तीको अवसरमा नेकपा एमालेनिकट संस्था नेपाल खेलकुद महासंघको तत्वावधान तथा नेकोस राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको अर्को खेलमा नवराज सिलवाल र भानुभक्त ढकालको जोडीले जीत शेरचन र प्रदिप पौडेलको जोडीलाई २१-८, २१-९ ले पराजित गर्दै सेमिफाइनलमा दिलमान पाखिन र यज्ञराज सुनुवारको जोडीसँगको भेट पक्का गरेका हुन् । दिलमान र यज्ञको जोडीले कर्ण थापा र एलबी साँवा लिम्बूको जोडीलाई २१-१९, १४-२१, २१-१४ ले पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरेका हुन् ।





यसअघि प्रतियोगिताको पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमल्सिनाले उद्घाटन गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङको उपस्थिति रहेको थियो । यस्तै अध्यक्ष ओलीले प्रतियोगिताका रेफ्री अनुपरत्न शाक्यलाई सटल कक हस्तान्तरण गरेका थिए ।

महासंघले राजनीतिककर्मीबीच विभिन्न समयमा हुने कटाक्ष र वैमनष्यतालाई खेलकुदको माध्यमले एकै थलोमा ल्याई भाइचारा कायम गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको राष्ट्रिय ब्याडमिन्टन संघका अध्यक्ष वीरेन्द्र श्रेष्ठले बताए ।

प्रतियोगितामा संविधानसभा सदस्य, भूपू तथा वर्तमान राष्ट्रिय सभा, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य एवं मन्त्रीहरू गरी ६४ जोडीको सहभागिता रहेको थियो ।

# गण्डकीमा प्रदेशस्तरीय तीन दिने तेक्वान्दो प्रशिक्षक प्रशिक्षण

**गण्डकी (प्रस)-** प्रदेश खेलकुद परिषद् गण्डकीद्वारा आयोजित एवं नेपाल तेक्वान्दो संघ गण्डकीको व्यवस्थापनमा तीन दिने गण्डकी प्रदेशस्तरीय तेक्वान्दो प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ ।

कोरियन प्रशिक्षक योङदल कोनको प्रशिक्षणमा सञ्चालित तालिममा गण्डकी प्रदेशअन्तर्गत सातवटा जिल्लाका ४३ जना प्रशिक्षक सहभागी थिए । प्रशिक्षणको समापन कार्यक्रममा प्रदेश खेलकुद परिषद्का सदस्यसचिव श्रीधर शर्माले खेलकुदका प्रतियोगितालाई वृद्धि गरी अतिसूक्ष्म तवरबाट हरेक क्षेत्रमा फैलाउने उद्देश्य राखिएको बताए ।

परिषद्ले जुनियर प्रतियोगिता सञ्चालनार्थ ७५ लाख रूपैयाँ बराबरको बजेट विनियोजन गरेको बताउँदै उनले यस क्षेत्रमा खेलकुदका गतिविधिलाई अझै तीव्र प्रतिस्पर्धी बनाएर लैजाने बताए । नेपाल तेक्वान्दो संघ गण्डकीका अध्यक्ष जगनबहादुर गुरुङले प्रशिक्षणमा प्राप्त ज्ञानलाई व्यवहारिकरूपमा उतार्न सक्नुपर्नेमा जोड दिए ।

तालिमका सहभागी प्रशिक्षकलाई सदस्यसचिव शर्मा, कार्यकारी सदस्य ऋषिराम गौतम, नेपाल तेक्वान्दो संघ गण्डकीका अध्यक्ष जगनबहादुर गुरुङ, महासचिव रमेश पौडेललगायतले प्रमाणपत्र वितरण गरेका थिए । तेक्वान्दो खेललाई थप व्यवस्थित एवं प्रतिस्पर्धी बनाउन प्रशिक्षक प्रशिक्षण तालिम उपयोगी बन्ने विश्वास लिइएको छ ।

# पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढ्दै

**इस्लामावाद–** पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढेकामा नागरिक समाजले चिन्ता व्यक्त गरेको छ । दैनिक समाचारपत्र डनका अनुसार नक्कली मुठभेडका घटना देशमा सामान्य बन्दै गएका छन् ।

कराँची निवासी काशिफ प्रहरीको नक्कली मुठभेडको सिकार भएका थिए । त्यसपछि उनी धरौटीमा रिहा भई गृहनगर फर्किएका छन् । हिरासतमा हुँदा प्रहरीसँगको 'इनकाउन्टर'मा गोली लागेर घाइते भएका कासिफको एउटा खुट्टा काट्नुपरेको थियो ।

काशिफकी आमा जरिनाका अनुसार जे नहुनुपर्ने थियो त्यही भयो अर्थात् प्रहरीको नक्कली मुठभेडको सिकार बनेको आफ्नो छोराले खुट्टा गुमायो । प्रहरीले अनाहकमा काशिफलाई प्रहरी चौकीभित्रै खुट्टामा दुई पटक गोली हानेको थियो ।

समाचारपत्र डनले मंगलबार सार्वजनिक गरेको समाचारअनुसार प्रहरी चौकीमा काशिफको जस्तै नियति अन्य छ जनाले भोग्नुपरेको थियो । उनीहरूको अहिले लियाकत विश्वविद्यालय अस्पतालमा उपचार भइरहेको छ । जाली मुठभेडमा 'हाफ फ्राई र फुल फ्राई' को क्रूर शासन चलेको छ । उच्च अधिकारीले हाफ फ्राईको आदेश दिए 'खुट्टा भाँच्ने' र फुल फ्राइ गर्न निर्देशन दिए ज्यान नै लिने गरिन्छ । *रासस/एएनआई*

# रूसी पत्रकारमाथि चेचन्यामा सांघातिक आक्रमण

**मस्को–** खोज पत्रकारकारिताका निम्ति ख्याति कमाएका रूसका एक जना पत्रकारमाथि चेचन्यामा सांघातिक आक्रमण भएको छ । चेचन्या भ्रमणमा रहेका उनीमाथि सशस्त्र आक्रमणकारीहरूले नराम्ररी कुटपिट गरेपछि अस्पताल भर्ना हुनुपरेको मानवअधिकार समूह मेमोरियलले जनाएको छ ।

'एलेना मिलाशिनाको औंला भाँचिएको छ र उनी बेलाबेलामा बेहोस हुन्छिन् । उनको शरीरभरि चोट लागेको छ । उनका उपकरण खोसेर र तोडफोड गरिएको छ,' समूहले सामाजिक सञ्जालमा भनेको छ । मिलासिना र वकिल अलेक्जेन्डर नेमोभ एयरपोर्टबाट आफ्नो गन्तव्यतर्फ गइरहेका बेला आक्रमण भएको हो ।

मिलाशिना काम गर्ने रूसको शीर्ष स्वतन्त्र प्रकाशन नोभाया गजेटाले घटनाको पुष्टि गर्दै उनी र वकिल नेमोभ चेचन राजधानी ग्रोज्नीको अस्पतालमा रहेका बताएको छ ।

नोभाया गजेटाले चेचेन शक्तिशाली रमजान कादिरोभको आलोचना गर्ने तीन जना निर्वासितकी आमा जरेमा मुसाइभाको सजायको सुनुवाइमा भाग लिन उनी ग्रोज्नी गएको जनाएको छ ।

रुसको प्रसिद्ध समाचारपत्र नोभाया गजेटमा मिलाशिनाले चेचन्यामा भएका मानवअधिकार उल्लंघनका घटनाबारे वर्षौंदेखि समाचार एवं टिप्पणी छाप्दै आएकी थिइन् । उनलाई चेचेन नेतृत्वबाट ज्यान मार्ने धम्की पनि आएको थियो । *रासस/एएफपी*

# विषाक्त मदिरा सेवनबाट ४ जनाको मृत्यु

**नोम पेन्ह–** उत्तरपूर्वी कम्बोडियाको रतनकिरी प्रान्तमा चामलको विषाक्त मदिरा पिएका चार जनाको मृत्यु भएको छ ।

उच्च मात्रामा मिथेनोल भएको मदिरा पिएका पाँच जनामध्ये चार जनाको ज्यान गएको सरकारी अधिकारीले बताएका छन् । विषाक्त मदिरा पिएर गम्भीर बिरामी भएका उनलाई अस्पताल भर्ना गरिएको छ । मृतक केराको व्यावसायिक खेती गर्ने कृषि कम्पनीका कामदार हुन् ।

प्रयोगशाला परीक्षणबाट मदिरामा उच्च मात्रामा मिथेनोल भेटिएको र उनीहरूको मृत्युको कारण भएको प्रान्तीय गभर्नरले बताएका छन् । मदिरा बिक्रेतासँग कानुन कार्यान्वयन निकायका अधिकारीले सोधपुछ गरेका छन् । सस्तो मूल्यका कारण घरेलु मदिराप्रति पियक्कडको आकर्षण बढेको छ । गत महिना पनि उत्तरपश्चिमी पुरसट प्रान्तमा विषाक्त मदिरा सेवन गरेका एक जनाको मृत्यु भएको थियोभने अन्य २७ जना बिरामी भएका थिए । *रासस/सिन्ह्वा*

## सहकारी संस्था लि.को ठेगाना परिर्वतन गरिएको सूचना

यस ॐ **शिवम बचत तथा ऋण सहकारी संस्था लि.** द.नं. २१२०/०६५/०६६ को आ.व. ०७८/०७९ को वार्षिक साधारण सभाको संस्थाको ठेगाना का.जि.का.म.न.पा. वडा नं.११ थापाथलीबाट का.जि.का.म.न.पा. वडा नं.२९ अनामनगर मा स्थान्तरण हुने गरी निर्णय गरिएकोले सर्वसाधरणको लागि जानकारी गराइन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KANAR COM FOUNDATION FOR LOGISTIC SERVICES

पूर्व स्वीकृति मिति २०८०/०३/१९ | LT. No. :288763 | चलानी नं.६०२०४२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TS DYNAMIC CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. 285103 | चलानी नं. ६०२००४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 200 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANCO COMPANY FOR SPECIALIZED CLEANING OF BUILDINGS

पूर्व स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 288908 | चलानी नं. ६०२०४२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 2 | 100 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HALA ALAHSA RESTAURANT

पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | LT. No.287824 | चलानी नं. ६०२०४२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1790 | ६२,६२५ | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF SPECIALIZED FOOD TRADING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | LT. No.288616 | चलानी नं. ६०२०३८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1400 | ४८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXCELLENCE PERCENTAGE TRADING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No.288174 | चलानी नं. ६०२०३५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 5 | 0 | 1200 | ४२,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PALM OASIS TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति: २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No. 287025 | चलानी नं. ६०२०२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Offloading Labour | 1 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHASAR ARABIAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No. 286651 | चलानी नं. ६०२०२०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 3 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६३,२७० | | | | | | | |

कम्पनी : LIBERTY GRAND

पूर्व स्वीकृति मिति २०८०/०२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१९ | LT. No. 287507 | चलानी नं. ६०२०२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३५,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CASTWELL INDUSTRIES (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. 265772 | चलानी नं. ६०१८१८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 73 | 0 | 1500 | ४१,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066
**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE RIBBON LABOR SUPPLY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०१/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१९ | LT. No. 285373 | चलानी नं. ६०२०३३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stevedore/ Loading and Unloading Worker | 183 | 0 | 800 | २८,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: डि.के.रिभर ओभरसिज प्रा.लि. मा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074
**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEKOK PAPER SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१९ | LT. No. 266998 | चलानी नं.६०१९२९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 45 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com,
apimanpowers@gmail.com Website : www.apimanpower.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११०४०० | प्रति तोला - १०९८५० | प्रति तोला - १३७५ |



भक्तपुर नगरपालिका-४ तालाक्वमा माटोको कप बनाउन सिक्दै आन्तरिक पर्यटक । माटोको भाँडा बनाउन सिकाएबापत पर्यटकले १५० रुपैयाँ तिर्नुपर्छ ।

*तस्बिरः लक्ष्मी गारु/रासस*

# वित्त नीतिसँग समन्वय हुने मौद्रिक नीति ल्याउन सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले ल्याएको वित्त नीतिसँग समन्वय हुने गरी मौद्रिक नीति ल्याउन नेपाल राष्ट्र बैंकलाई विज्ञहरूले सुझाव दिएका छन् ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)ले आयोजना गरेको मौद्रिक नीति सम्मेलन, २०२३ मा विज्ञ तथा निजी क्षेत्रका सरोकारवालाले वित्त नीतिसँग समन्वय हुने तथा अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्ने गरी मौद्रिक नीति ल्याउनुपर्नेमा जोड दिए ।

ब्याजदर घटाएर लगानीमैत्री वातावरण बनाउन, प्राथमिकता प्राप्त क्षेत्र र साना तथा मझौला उद्यमलाई सहज कर्जा प्रवाह गर्न, पुनरकर्जा र कर्जाको पुनर्तालिकरणको व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ छ ।

पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले अहिलेको समयमा मध्यमार्गी मौद्रिक नीति आवश्यक रहेको धारणा राखे । 'आगामी आर्थिक वर्षको मौद्रिक नीति धेरै कसिलो वा धेरै खुकुलो नभई निश्चित उद्देश्यमूलक ढङ्गले आउन जरुरी छ । ब्याजदर, चालु पुँजी ऋण (वर्किङ क्यापिटल), पुनरकर्जा, मार्जिन कर्जा र ठूला ऋणीको कर्जामा देखिएको चुनौती व्यवस्थापनलाई मौद्रिक नीतिले सम्बोधन गर्नुपर्छ,' पूर्वअर्थमन्त्री डा खतिवडाले भने ।

नेपालले लिएको उच्च राजस्व लक्ष्यसहितको वित्त नीति आफैमा विस्तारित (एक्स्प्लानेटरी) रहेकाले त्यसलाई सन्तुलित बनाउन मध्यमार्गी मौद्रिक नीति आवश्यक रहेको डा खतिवडाको बुझाइ छ । नेपाल राष्ट्र बैंकले कर्जाको आकार बढाउनेभन्दा पनि गुणस्तर बढाउने खालको मौद्रिक नीति ल्याउनुपर्नेमा उनले जोड दिए ।

'कर्जा प्रवाह कति प्रतिशतले बढ्योभन्दा पनि कर्जा कहाँ प्रवाह भयो भन्ने महत्वपूर्ण कुरा हो । उत्पादनमूलक क्षेत्र र साना तथा मझौला उद्योगमा कर्जा विस्तारमा जोड दिइनुपर्छ,' उनले भने, 'वर्किङ क्यापिटल र ओभरड्राफ्टका नाममा भएका कर्जा प्रवाह घरजग्गामा गएको देखिन्छ । बार्गेनिङ गर्न सक्नेले सस्तोदरमा कर्जा पाइरहेको अवस्था छ ।' कर्जा विस्तारको प्रभाव ब्याजदरमा पर्ने तथा बैंक तथा वित्तीय संस्थाले महङ्गो ब्याजदरमा निक्षेप उठाएर सस्तो ब्याजदरमा कर्जा प्रवाह गर्न नसक्ने उनको भनाइ छ । 'दोहोरो अंकको ब्याजदरमा निक्षेप लिएका बैंक तथा वित्तीय संस्थाले अझै एकवर्ष कर्जाको ब्याजदर एकल अंकमा झार्न सक्दैनन्' उनले भने, 'निक्षेपमा ६/७ प्रतिशत ब्याज दिँदा मात्रा कर्जाको ब्याजदर ९/१० प्रतिशतमा आउनसक्छ ।' उनले निक्षेपको ब्याजदर कम हुँदा तरलता अभावको समस्या फेरि देखिन सक्ने बताए ।

आवश्यकताभन्दा बढी संख्यामा रहेका (ओभर क्राउडेड) लघुवित्त कम्पनीको संख्या घटाउन मौद्रिक नीतिमा पुँजी वृद्धि गरी 'ख' वर्गका बैंक बनाउनु सुझाव दिए । उनले यस क्षेत्रमा राष्ट्र बैंकले आफ्नो नियामकीय भूमिका बढाउनुपर्नेमा जोड दिए । उनले राष्ट्र बैंकले प्रदेश कार्यालयमार्फत नियमन सुपरीपेक्षणका काम बढाउनुपर्ने बताए । त्यस्तै, सहकारी संस्थाको नियमन गर्नसक्ने अवस्थामा राष्ट्र बैंक नरहेको पनि उनको भनाइ छ ।

डा खतिवडाले विदेशी मुद्रा सञ्चिति व्यवस्थापनका लागि पनि राष्ट्र बैंकले भुक्तानी कस्ने नीति लिन नहुने सुझाव दिए । यसले व्यवसाय गर्ने वातावरणलाई समस्या पर्ने हो कि भन्ने देखिएको उनले बताए । नेपाल बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले खराब कर्जा व्यवस्थापन कोष स्थापनाका लागि मौद्रिक नीतिमा व्यवस्था गर्न माग गरे । 'पछिल्लो समय खराब कर्जा निकै बढदै गएको छ । यो समस्या समाधानका लागि सम्बन्धित निकायको सहकार्यमा खराब कर्जा व्यवस्थापन कोष स्थापना होस भन्ने हाम्रो मुख्य सुझाव हो,' उनले भने ।

चालु आवको बजेटमा राखिएको 'ग्रीन बण्ड'सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि थप कानुनी व्यवस्था गर्नुपर्ने, रिस्क प्रिमियम थप्न पाउनुपर्ने, ऋणपत्रलाई धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न सकिने व्यवस्था गरिनुपर्ने, 'काउन्टर साइकलिङ बफर' लागू हुने समयसीमा एक वर्ष थपिनु पर्नेलगायतका सुझाव उनले दिए ।

त्यस्तै, हाल सानो रकममा छरिएर खर्च भइरहेको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)लाई थप व्यवस्थित बनाउनुपर्ने र राष्ट्रिय परिचयपत्र प्रोजेक्टमा बैंक तथा वित्तीय संस्थालाई पनि जोडेर एकीकृत केवाईसी (सेन्ट्रल केवाईसी) को प्रावधान लागू गरिनुपर्ने बैंकर्स संघले सुझाव दिएको छ ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले निजी क्षेत्रको कर्जा विस्तारमा जोड दिनेगरी मौद्रिक नीति ल्याउन सुझाव दिए । 'सरकारले आगामी आर्थिक वर्षका लागि लिएको ६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्नका लागि निजी क्षेत्रमा कर्जा विस्तारमा जोड दिन आवश्यक छ,' उनले भने, 'अहिलेको समग्र अर्थतन्त्र समस्यामा हुँदा क्रयशक्ति घटेको, उधारो कारोबार उठ्न नसकेको, उद्योगधन्दा न्यून क्षमतामा चलेको तथा केही बन्द हुने अवस्थामा पुगेको लगायतका समस्या समाधान गर्नेगरी मौद्रिक नीति आउनुपर्छ ।' समग्र अर्थतन्त्र नै समस्यामा पर्दा औद्योगिक वातावरण बन्न नसकेको उनको बुझाइ छ ।

निर्यात व्यवसायी महासंघका अध्यक्ष शंकरप्रसाद पाण्डेले नीतिगत स्थिरता हुनपर्नेमा जोड दिए । वस्तु निर्यात गर्ने धेरैजसो उद्योग साना र मझौला आकारका रहेकाले त्यस्ता उद्योगलाई प्रवाह गरिने कर्जामा एकल अंकको ब्याजदर कायम गर्न सक्नुपर्ने बताए । चालु पुँजी कर्जा मार्गदर्शनमा संशोधन आवश्यक रहेको पनि उनको भनाइ छ । वस्तु निर्यातमा पाउने अनुदान ठूला उद्योगले लिने गरेको र सानाले पाउन नसकेकाले त्यस्तो अनुदान वितरणलाई समान पहुँचयोग्य बनाउनु पर्ने उनको माग छ ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस साताको सुरुआती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अंकले बढेको छ । मंगलबारको कारोबारमा नेप्से परिसूचक १२ दशमलव ७३ अंकले बढेर दुई हजार ८८ दशमलव ७० अंकमा कायम भएको हो ।

विभिन्न दुई सय ८२ कम्पनीका ६४ लाख ५० हजार नौ सय ३४ कित्ता सेयर ४६ हजार सात सय ३१ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब ५७ करोड ६१ लाख ४० हजार एक सय २८ बराबरको कारोबार भएको छ ।

नेप्से परिसूचकसँगै सबै समूहको उपसूचक पनि हरियो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह एक सय ३३ दशमलव ३४




र निर्जीवन बीमा समूह ७८ दशमलव ०७ अंकले बढेको छ । बैंकिङ समूह एक दशमलव ०७, विकास बैंक ३१ दशमलव ०५, वित्त ३५ दशमलव ३४, जलविद्युत् तीन दशमलव १६, लगानी शून्य दशमलव ९९ र जीवन बीमा ३० दशमलव ५० अंकले बढेको छ ।

त्यसैगरी, उत्पादन तथा प्रशोधन ४० दशमलव ०८, लघुवित्त ३० दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव ०२, व्यापार १५ दशमलव ८१ र अन्य समूह १५ दशमलव ८१ अंकले बढेको छ ।

सिटी होटल लिमिटेडको सेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नागरिक लगानी कोषको रू १२ करोड १७ लाख आठ सय ३० बराबरको सेयर खरिदबिक्री भएको छ । त्यस्तै कारोबार भएका सेयर सफ्याका आधारमा सबैभन्दा धेरै हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको दुई लाख १४ हजार पाँच सय ८३ कित्ता सेयर किनबेच भएको छ ।

# ब्यास गुफालाई नेपाल एसबिआई बैंकको सहयोग




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एसबिआई बैंकको दमौली शाखाले व्यास नगरपालिका वडा नं. ०३ स्थित व्यास गुफा परिशरमा निर्माणाधीन सन्त भवन तथा अन्य निर्माण कार्यको लागी आर्थिक सहयोग गरेको छ । बैंकले उक्त सहयोग वेदानुयायी प्रतिष्ठान नेपाल, केन्द्रीय कार्यालय व्यास गुफा तनहुँ मार्फत एक कार्यक्रम गरी चेक हस्तान्तरण गरेको हो ।

आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकका गण्डकी प्रदेश प्रमुख सुशील चन्द्र महतले उक्त रकम वेदानुयायी प्रतिष्ठान नेपालका मुल संरक्षक दामोदर बाबालाई हस्तान्तरण गरेको बैंकका शाखा प्रबन्धक दिवाकर भट्टले जानकारी दिए ।

नेपाल एसबिआई बैंक लिमिटेड दमौली शाखाका प्रबन्धक दिवाकर भट्टका अनुशार बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक बर्ष विभिन्न सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको र यसका साथै वित्तीय साक्षरता सम्वन्धी कार्यक्रम पनि गर्दै आएको छ ।

सहयोग स्वरूप प्राप्त रकमलाई व्यास गुफामा निर्माणाधिन सन्त भवन तथा अन्य निर्माण कार्यमा प्रयोग गरिने वेदानुयायी प्रतिष्ठान नेपालका मुल संरक्षक दामोदर बाबाले बताए ।

# पाँच खर्ब राजस्व उठाउने चुनौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षमा राजस्व संकलनको लक्ष्य रु १४ खर्ब तीन अर्ब १४ करोड राखिएकोमा असार १८ गतेसम्म रु आठ खर्ब ९९ अर्ब पुगेको छ । अर्थ मन्त्रालयका अनुसार यो राजस्व संकलन लक्ष्यको करिब ६४ प्रतिशत हो । चालु आवको लक्ष्यअनुसार राजस्व संकलन गर्न अब बाँकी अवधिमा करिब रु पाँच खर्ब उठाउनुपर्ने हुन्छ ।

आयात घटेकाले कारण भन्सारबाट हुने राजस्व संकलनमा कमी आएको र कसिलो मौद्रिक नीति र निजी क्षेत्रमा लगानी कमजोर हुँदा पूर्वाधार निर्माणमा पनि यस अवधिमा अपेक्षित सफलता हासिल हुन कठिनाइ परेको मन्त्रालयको भनाइ छ । सो अवधिमा आयात घटेको, रेमिट्यान्स र पर्यटक आगमनमा सुधार भएकाले व्यापार घाटा कम भएको मन्त्रालयको भनाइ छ ।

भन्सारतर्फ राजस्व असुली लक्ष्य रु छ खर्ब नौ अर्ब ५४ करोड लक्ष्य रहेकामा जेठ मसान्तसम्ममा रु तीन खर्ब ४८ अर्ब १८ करोड मात्र उठेको छ । यो लक्ष्यको ६१ दशमलव २९ प्रतिशत मात्र हो ।

आन्तरिक राजस्व विभागतर्फ रु पाँच खर्ब २४ अर्ब ३४ करोडको राजस्व संकलन लक्ष्य निर्धारण गरिएकामा उक्त अवधिसम्म रु चार खर्ब १० अर्ब ८२ करोड मात्र उठेको छ । यो लक्ष्यको ७० दशमलव १५ प्रतिशत हो । आन्तरिक उत्पादन र व्यापार घट्न गई




आन्तरिक राजस्व अपेक्षित बढन नसकेको मन्त्रालयको भनाइ छ ।

गैर कर संकलनतर्फ भने अघिल्लो वर्षको तुलनामा ११ दशमलव ८८ प्रतिशत बढी अर्थात रु ७७ अर्ब ७५ करोड राजस्व संकलन भएको छ । यसअवधिमा सीय सरकारको खर्च भने रु १२ खर्ब ५४ अर्ब भएको छ ।

मन्त्रालयका अनुसार चालुतर्फ रु नौ खर्ब २९ करोड, पुँजीगततर्फ रु एक खर्ब ६८ अर्ब, वित्तिय व्यवस्थापतर्फ रु एक खर्ब ५५ अर्ब खर्च भएको छ । चालु आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतमा राजस्वतर्फ रु १२ खर्ब ४० अर्ब तथा अनुदान प्राप्ति रु ५५ अर्ब, वैदेशिक ऋण रु दुई खर्ब ४२ अर्ब र आन्तरिक ऋण रु दुई खर्ब ५६ अर्ब छ । चालु आर्थिक वर्षको बजेट रु १७ खर्ब ९३ अर्ब रहेकामा चालुतर्फ रु ११ खर्ब ८३ अर्ब पुँजीगतर्फ रु तीन खर्ब ८० अर्ब र वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब छ । समितिको बैठकमा बैंक तथा वित्तीय संस्थामा हाल निक्षेप रु ५४ खर्ब ५३ अर्ब ४४ करोड संकलन भएको जानकारी दिइयो ।

चालु खर्चभित्र प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने रु चार खर्ब २९ अर्ब छ । आगामी आर्थिक वर्षका लागि विनियोजन बजेट अधिकतम सदुपयोग गर्न राज्य संयन्त्र र अन्य सरोकार निकायबीच क्रियाशील, सक्रियता र समर्पण भएमा लक्ष्य हासिल गर्न सकिने जनाउँदै अर्थमन्त्री डा प्रकाशरण महतले सरकार बजेट कार्यान्वयनमा गम्भीर भएर लाग्ने भएकाले सहयोग र समन्वयनका लागि समितिसँग आग्रह गरे ।

उनले भने, 'स्थानीयवासीलाई रोजगारी दिने नाममा नचाहिने ठाउँमा पनि सडक पुऱ्याउने होडबाजीलाई रोक्नुपर्छ, आवश्यकताका आधारमा बजेट सदुपयोग हुने ढङ्गले खर्च गर्ने परिपाटी विकास गर्न आवश्यक ।' चालु खर्चको वृद्धि राजस्व असुलीको दरभन्दा बढी रहेको तथा बर्सेनि १० खर्बभन्दाबढी अनिवार्य दायित्वमा खर्च हुने गरेकाले आन्तरिक स्रोतले धान्नसमेत धौधौ परेको मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले बताए ।

चालु आर्थिक वर्षमा आन्तरिक ऋणको साँवा तथा ब्याजमा भुक्तानीमा रु ४३ अर्ब, रासायनिक मल खरिदमा रु सात अर्ब, कर्मचारी, शिक्षक र सुरक्षाकर्मीको वृद्धि भएको तलबभत्तामा ३० अर्ब र सामाजिक भत्तामा रु ६ अर्ब थप बजेट व्यवस्था गर्नुपरेको थियो ।

चालु खर्चमा मितव्ययिता कायम गर्न र पुँजीगत खर्चलाई पुन:प्राथमिकिकरण गरी बजेट कार्यान्वयन गरिएको तथा केही खर्च शीर्षकमा बजेट रोक्का र केही खर्च शीर्षकको बजेट कटौती गरी कार्यान्वयन गरिएको जानकारी अर्थमन्त्रालयको भनाइ छ । सुरक्षाकर्मीको रासन र कैदीबन्दीको सिदाका लागि रु दुई अर्ब थप स्रोत व्यवस्थापन गर्नेपर्ने अवस्था छ । स्रोतमा परेको दबाबका कारण स्रोत सहमतिलाई कडाइ गरिएको छ ।

# घट्यो हवाइ भाडा

**काठमाडौं (प्रस)** – नेपाल आयल निगमले हवाई इन्धनको मूल्य घटाएसँगै नेपाल नागरिक उड्डयन प्राधिकरणले आन्तरिक उडानमा हवाई भाडा घटाएको छ ।

असार २० गते आज (बुधबार)देखि लागू हुने गरी आन्तरिक उडानमा न्यूनतम ६० रूपैयाँदेखि अधिकतम ७५० रूपैयाँसम्म हवाई भाडा घटेको छ । प्राधिकरणका अनुसार नेपालको अहिलेको लामो रुट (१००.९ मिनेट) विराटनगर-नेपालगञ्जका लागि प्रतिटिकट ७५० रूपैयाँ इन्धनको मूल्य कम भएको छ ।

काठमाडौंबाट लामो रुट (८९.०९ मिनेट) धनगढीका लागि ६१५ रूपैयाँ भाडा कम भएको छ ।

प्राधिकरणको नयाँ सूची अनुसार काठमाडौंबाट माउन्टेन फ्लाइट ४८५, भद्रपुर ४२०, विराटनगर ३३५, जनकपुर १८०, भरतपुर १५०, पोखरा २२५, भैरहवा २८५, नेपालगञ्ज ४५५, तुम्लिङटार २६० ९ र सिमराका लागि १२५ रूपैयाँ भाडा कम भएको छ ।

नेपाल आयल निगमले सोमबार हवाई इन्धनको मूल्यमा प्रतिलिटर १४ रूपैयाँ कटौती गरेको थियो । १५० रूपैयाँ प्रतिलिटर रहेको हवाई इन्धनको मूल्य अहिले १३६ रूपैयाँ प्रतिलिटर कायम भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ